खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily



राजनीतिक स्थिरता र विकासका लागि
पृष्ठ ३ मा

● वर्ष १ ● अंक ३७ ● २०७९ साल पुष १ गते शुक्रवार ● Friday 16, Dec. 2022 ● पृष्ठ ८ ● मूल्य रु. ५/-



सप्तरी राजविराजको छिन्नमस्ता भगवती सखडा मन्दिरको पोखरी किनारबाट देखिएको सूर्यास्तको दृश्य । *तस्विर: चन्द्रदेव साह, रासस*

# सयौं बोरा भारतीय चामल र कुहिएको दाल बरामद



मधेशदृष्टि
वीरगञ्ज, मंसिर २९।

सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोलीले वीरगंज महानगरपालिकाको वडा नम्बर १२ रानीघाटस्थित चारवटा चामल गोदाममा छापा मारेको छ ।

गएराति अबेरसम्म छापामारीको क्रममा प्रहरीले अन्दाजी ५ सय बोरा भन्दा बढी भारतीय चामल नियन्त्रणमा लिएको जनाइएको छ । रानीघाट निवासी श्याम वर्णवाल, प्रद्युम्न गुप्ता, सुजीत गुप्ता, विनोद गुप्ताको चामल गोदाममा भारतीय चामल रहेको सूचनाको आधारमा प्रहरीले छापामारी गरेको सशस्त्र प्रहरी नायब उपरीक्षक सन्तोष बस्नेतले जानकारी दिए।

रातिको समयमा भारतबाट भन्सार छली नेपाल ल्याएको चालम उल्लेखित गोदाममा भण्डारण गरि राखेको सूचनाको आधारमा प्रहरीले छापामारी गरेको थियो ।

यसैगरी वीरगञ्ज महानगरपालिकाले सिर्सिया नदी सफाइका लागि महानगरमा रहेको उद्योगमा पानी प्रशोधन केन्द्र स्थापना भए नभएकोबारे अनुगमन गर्न जाँदा एक दाल मिल उद्योगको गोदाममा सडेको दालको भण्डारण नै भेटिएको छ ।

महानगरपालिका र जिल्ला प्रशासन कार्यालयको संयुक्त टोलीले मंगलबार बिहान वीरगञ्ज महानगरपालिका-२१ मा रहेको उद्योगको अनुगमन गरेको थियो। महानगरका उपप्रमुख इम्तियाज आलम र सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलको संयुक्त टोलीले वडा नम्बर २१ म रहेको शक्ति दाल मिलमा पानी प्रशोधन केन्द्र स्थापना भए नभएकोबारे अनुगमन गरेको थियो ।

तर, फोहोर पानी प्रशोधन केन्द्रको अनुगमन गर्न गएको टोली उक्त उद्योगको गोदाममा सयौं बोरामा रहेको कुहिएको दाल फेला पारेको थियो। महानगरमा रहेको सिर्सिया नदीमा यहाँका उद्योगले फोहोर पानी बिना प्रशोधन मिसाउँदै आएको बारेमा अनुगमनका लागि गएको टोलीले दाल मिलमा सयौ बोरामा प्याकिङ गरी राखिएको अवस्थामा कुहिएको दाल उद्योगको गोदाममा राखिएको अवस्थामा फेला पारेको थियो ।

अनुगमनको क्रममा दाल मिलले पानी प्रशोधन केन्द्रसमेत स्थापना नगरेको पाइएको तथा कुहिएको दालसमेत प्याकिङ गरी राखिएको अवस्थामा फेला पारिएको महानगरका उपप्रमुख इम्तियाज आलमले जानकारी दिए ।

पानी प्रशोधन केन्द्र स्थापना नगरी उद्योगबाट निस्केको फोहोर पानीसमेत सिर्सिया नदीमा उद्योगले मिसाउँदै आएको भेटिएको उनले बताए ।

अनुगमनको क्रममा कुहिएको दाल भेटिएपछि उद्योगमा सिलबन्दी गरिएको अनुगमनमा सहभागी पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले जानकारी दिए । उद्योगमा कार्यरत मजदुरले व्यवस्थापक भारतको रहेको तथा उनी एक हप्ताको बिदा लिएर उतै गएको जानकारी टोलीलाई गराएका थिए ।

उद्योग प्रशासनका कोही नभेटिएपछि महानगरको अनुगमन टोलीले उद्योग प्रशासनलाई महानगरमा पठाइदिन भनी फर्केको थियो। साथै, सो क्रममा उपप्रमुख आलमले छिट्टै पानी प्रशोधन केन्द्र स्थापना गरी पानी प्रशोधन गरेर मात्रै सिर्सिया नदीमा मिसाउन निर्देशन दिएका थिए ।

# तोडफोड गर्ने नेहा र निहारिका पक्राउ

## प्रदर्शनकारीको ढुंगामुढाबाट ६ घाइते, आश्रुग्यास प्रहार, कारवाहीको माग

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २९ ।

दाइजोको निहुँमा आफूलाई कुटपिट गरी घर निकाला गरेको आरोप लगाउँदै आएकी नेहा चौधरी र कुमारी आमाको रुपमा परिचत निहारिक सिंह (राजपूत) लाई महोत्तरी प्रहरीले पक्राउ गरेको छ ।

महिला हिंसा र दाइजो विरुद्धको मुद्दामा प्रहरीले मंगलवार नेहाका पति डा. पंकज चौधरीलाई पक्राउ गरेको थियो । नेहाले पंकजकी आमाबुवा आफ्ना सासु सुसरालाई समेत पक्राउको माग गर्दै उनको घरमा ढुंगामुढा गरेर अवस्था तनावग्रस्त बनाउन खाजेको भनाई प्रहरीको रहेको छ ।

आरोपी डा. पंकजलाई नियन्त्रणमा लिई मुद्दामाथि आवश्यक अनुसन्धान अघि बढाइसकेको अवस्थामा नेहा र निहारिकाले आन्दोलन चर्काएको, कोही नभएको पंकजको घरमा ढुंगामुढा र नगरपालिकाको कार्यालयमा तोडफोड तथा आगजनी गरेको आरोपमा नेहा र निहारिकलाई पक्राउ गरिएको जिप्रका महोत्तरीका प्रवक्ता डीएसपी सन्तोष पोखरेलले बताएका छन् । मंसिर २६ गते घरेलु हिंसा मुद्दामा जिल्ला अदालत महोत्तरीले संरक्षणात्मक आदेश गरेपछि औरही नगरपालिका १ माइतबाट ससुराली रामगोपालपुर नगरपालिका घर फर्किएकी नेहा चौधरीले प्रवेश नपाएको विषयलाई लिएर सुरु गरेको आन्दोलनले झडपको रुप लिएको थियो । घरमा प्रवेश नपाएपछि नेहा कुमारी आमाको नामले चर्चा पाएकी निहारीका सिंह राजपुतको नेतृत्वमा आफ्ना श्रीमान् डा. पंकज चौधरीको घरको गेट मै धर्ना बसेकी थिइन् । बुधवार देखि केहि युवाहरुलाई समर्थनमा लिई रामगोपालपुर चोकमा सडक अवरुद्ध गर्दै आन्दोलन गर्दै आएकी छिन् ।



### प्रहरी सहित ६ घाइते

आन्दोलनको क्रममा विहिवार आन्दोलनकारीहरुले चर्को प्रदर्शन गर्दै रामगोपालपुर नगरपालिकामा ढुंगामुढा गर्दा नेहाका समर्थक प्रदर्शनकारी र प्रहरी बीच विहिवार झडप भएको छ । झडपले उत्पन्न तनावग्रस्त अवस्थालाई नियन्त्रणमा लिन प्रहरीले ५ राउण्ड आश्रुग्याँस प्रहार गरेको छ भने प्रदर्शनकारीको ढुंगाबाट २ जना सशस्त्र प्रहरी, १ जना नेपाल प्रहरी र ३ जना नगरप्रहरी सहित ६ जना घाइते भएको जिल्ला प्रहरी

- बाँकी पृष्ठ ६ मा

### नेहा र निहारिकलाई कारवाही गर : नपा

यसैबीच नगरपालिका कार्यालयमा तोडफोड भएको बारे रामगोपालपुर नगरपालिकाले क्षति भएका विवरणको असुल उपर सहित दोषी निहारिक र नेहालाई कारवाहीको एक विज्ञप्ती जारी गरी माग गरेका छन् ।

रामगोपालपुर नगरपालिकाका मेयर रामदुलार साहले जारी गरेको विज्ञप्तीमा मंसीर २८ र २९ गते दुई दिन नेहा चौधरी र निहारीका राजपुतको

- बाँकी पृष्ठ ६ मा

# दादुरा ठेउला संक्रमितको निःशुल्क उपचार

मधेशदृष्टि
वीरगञ्ज, मंसिर २९।

वीरगन्ज महानगरपालिका वडा नम्बर २६ अठराहाँमा दादुरा तथा ठेउला (चिकेनपक्स) संक्रमित विरामीहरुको उपचार महानगरपालिकाले निःशुल्क रुपमा शुरु गरेको छ ।

दादुरा र ठेउलाको लक्षणसँग मिल्दोजुल्दो बिरामी देखिएको खबर आएसँगै महानगरको जनस्वास्थ्य प्रवर्द्धन शाखाबाट ल्याबसहित खटिएको स्वास्थ्यकर्मीको टोलीले त्यहाँ गएर परिक्षण गर्दा विरामीहरुमा ठेउला अर्थात चिकेनपक्सको संक्रमण भेटिएको पुष्टि गरेको छ ।



विशेष गरी छालामा हुने दादुरा तथा ठेउला सरुवा रोग भएको र यो हरेक वर्ष जसो छिटफुट व्यक्तिमा देखिने गरेको महानगरका जनस्वास्थ्य निरीक्षक सुनिल कुर्मीले जानकारी दिए । वडा नम्वर २६ को सुगौली स्वास्थ्य चौकीमा पछिल्लो केही दिनदेखि यस्ता बिरामीहरु उपचारका लागि आउने गरेका थिए । त्यस क्षेत्रमा आजसम्म ९१ जनामा यस्तो लक्षण भएकाहरु उपचारका लागि स्वास्थ्य चौकीमा आएको स्वास्थ्य चौकी इन्चार्ज पुजा गुरुङले जानकारी दिए ।

७५ जनामा संक्रमण निको भइसकेको र बाँकी बिरामीको अवस्था पनि सामान्य रहेको गुरुङ्गले बताए । ठूलै संख्यामा दादुरा र ठेउलासँग लक्षण मिल्ने बिरामी भेटिएपछि आफूले थप सहयोगका लागि स्वास्थ्य महाशाखामा जानकारी गराएको र बिहिबार महानगरबाट आएको स्वास्थ्यकर्मीको टोलीले घरघरमै पुगेर बिरामीलाई भेट्नुका साथै उनीहरुको स्वास्थ्य अवस्था परीक्षण गरेको थियो ।

टोलीले स्थानीय जम्मा गरेर दादुरा ठेउलाका बारेमा स्वास्थ्य चेतना जगाउने काम गर्नुका साथै स्वास्थ्य स्वंयसेवीहरुलाई टोलटोलमा परिचालन गराएको छ ।

विगतका वर्षमा छिटफुटमा देखिएको ठेउलाका संक्रमितहरु वीरगञ्जमा एउटै वडामा यति धेरै संख्यामा भने पहिलो पटक देखिएको जनस्वास्थ्य निरीक्षक कुर्मीले बताउँछन् ।

दादुरा ठेउला विशेष गरी २ वर्षदेखि १० वर्ष उमेर समुहका बालबालिकामा देखिने गरेको भए पनि सो वडामा बाल बालिका देखि युवा व्यक्तिहरुलाई समेत देखिएको स्वास्थ्यकर्मीहरुले जनाएका छन् ।



# न्यानो कपडा बाड्न रिक्सा चालक दाताको खोजिमा

मुकेश कुमार साह
रौतहट २९,मंसिर

विगत केहीबर्ष देखी गरिब तथा विपन्नकालागि न्यानो कपडा वितरण गर्दै आएका चन्द्रपुरका केदार प्रसाद तिमलसिना यस बर्षपनि सोहि अभियानमालागेका छन् ।

उनले रौतहटका गरिव तथा विपन्नहरुलाई हरेक वर्ष गाउँगाउँमापुगेर न्यानो कपडा वितरण गर्दै आएका छन् ।

सेलिब्रेटी रिक्साचालकका रुपमा परिचित तिमलसिनाले यस वर्षपनि जाडो बढेपछि जिल्लाका मुसहर बस्तीका गरिव तथा बिपन्नका लागि न्यानो कपडाको खोजीकार्य सुरु गरेका छन् ।

देश तथा विदेशमा बस्ने नेपालीहरुबाट संकलन गरेको न्यानो कपडा उनले आफ्नै खर्चमा जिल्लाका विभिन्न गाउँमा लगेर निशूल्क वितरण गर्दै आएका छन् ।

उनले यस बर्षको जाडोबाट बिपन्नलाई बंचाउनका लागि समाजिक संजाल फेसबुक मार्फत सबैसंग आग्रह गरेको बताएका छन्।



# विष्णुको अझै गाउँसभा हुन सकेन

मधेशदृष्टि
सर्लाही, मंसिर २९

सर्लाहीको विष्णु गाउँपालिकामा बजेट पारित गर्न गाउँ सभा अझै बस्न सकेको छैन् । गाउँपालिकाका अध्यक्ष जवाहारलाल राय यादवले पटक-पटक गाउँसभाको बैठक राख्ने प्रयास गरेको छ । तर अध्यक्ष यादव अल्पमतमा हुँदा गाउँ सभामार्फत बजेट पारित हुन नसकेको हो । श्रोतका अनुसार बजेट भागबण्डामा गाउँपालिका अध्यक्ष र वडाध्यक्षहरुबीच कुरा मिल्न नसक्दा यस प्रकारको समस्या उत्पन्न भएको हो । गाउँपालिका अध्यक्ष यादवले आफू कामको शिलशिलाम काठमाडौंमा रहेको र फर्किनासाथ बजेट पारित गराउन पुनः पहल गर्ने बताएका छन् । बजेट पारित नहुँदा भारतसँगै सीमा टाँस्सिएको विष्णु गाउँपालिकाका कर्मचारी, शिक्षकलगायतले यो आर्थिक वर्षको साउनदेखि नै तलब सुविधा पाउन सकेका छैनन् । आर्थिक कारोवार नहुँदा गाउँपालिकामा विकासको काम ठप्प छ । त्यस्तै जिल्लार्को हरिपूर्वा नगरपालिकाले समेत एकमुष्टमा बजेट पारित गरे पनि शिर्षकगत् रुपमा बजेट विनियोजन गर्न सकेको छैन् । हरिपूर्वाका नगरप्रमुख विनोद साह तेलीले एकमुष्ट बजेट असारमै पारित गरिएको र शिर्षकगत् रुपमा विनियोजन गर्न विशेष नगर सभा बोलाउने तयारी गरिएको बताए । कात्तिकमा विशेष नगर सभा गर्न खोज्दा निर्वाचन आयोगले आचारसंहिता लागू भइसकेको भन्दै सभा स्थगित गर्न निर्देशन दिएको थियो ।

हरिपूर्वामा पनि विष्णु गाउँपालिकामा झैँ आर्थिक कारोवार नै नहुँदा विकास निर्माणका काम अवरुद्ध छ भने कर्मचारीले तलब सुविधा लिन पाएका छैनन् ।



# चन्द्रपुर नापी कार्यालयमा भू-सूचना प्रणाली लागु

मुकेश कुमार साह
रौतहट २९, मंसिर ।

चन्द्रनिगाहपुर नापीकार्यालयले नेपाल भू-सूचना प्रणाली लागू गरेको छ ।

नापी कार्यालयबाट हुने सेवा सहज ढंगले घरमै बसेर लिन सकून् भन्ने उदेश्यले यो प्रणाली सञ्चालनमा ल्याइएको हो ।

यो प्रणाली लागू भएपछि सेवा ग्राहीले आवश्यक कागज पत्र प्रविष्ट भएको फाराममा भरेर अनलाइनबाट नै राजस्व तिरेपछि घरबाट नै नक्सा प्रिन्ट, प्लट रजिस्टर उतार, फिल्डबुक उतार र फिल्ड रेखाङ्कन समेतको सेवा लिन सक्ने नापी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ । जग्गा प्रशासन सम्बन्धी सेवालाई समय सापेक्ष बनाउन आधुनिक प्रविधिमा नापी कार्यालय अगाडि बढेको कार्यालय प्रमुख सविन विकले बताए ।

नापी कार्यालयहरूबाट पाउने सेवालाई सरल सहज बनाउन यो प्रणाली लागू गरिएको प्रमुख बिकको भनाइ छ । यो प्रणाली मार्फत कार्यालयको कामको विभागले समेत निगरानी राख्न सक्ने छ ।



# तराईमा महँगी बढ्यो

काठमाण्डौ, मंसिर २९ ।

चालु आर्थिक वर्षको पहिलो चार महिनामा तराईमा महँगी बढेको छ । नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको चालु आवको चार महिनाको विवरणअनुसार तराईमा आठ दशमलव ५२ प्रतिशत बराबरको मूल्य वृद्धि भएको छ । केन्द्रीय बैंकका अनुसार उपभोक्ता मुद्रास्फीति काठमाडौँ उपत्यकामा सात दशमलव ५६ प्रतिशत, तराईमा आठ दशमलव ५२ प्रतिशत, पहाडमा आठ दशमलव शून्य तीन प्रतिशत र हिमालमा छ दशमलव ६८ प्रतिशत मुद्रास्फीति रहेको छ । विसं २०७८ कात्तिक महिनामा यी क्षेत्रमा क्रमशः छ दशमलव १४ प्रतिशत, पाँच दशमलव ४२ प्रतिशत, सात दशमलव १४ प्रतिशत र पाँच प्रतिशत मुद्रास्फीति रहेको थियो । विसं २०७९ को कात्तिक महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति आठ दशमलव शून्य आठ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति छ दशमलव शून्य चार प्रतिशत रहेको थियो । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति सात दशमलव ३८ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति आठ दशमलव ६३ प्रतिशत रहेको छ । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत रेष्टुरेण्ट तथा होटल उप-समूहको मूल्य सूचकाङ्क १५ दशमलव ९७ प्रतिशत, सूर्तीजन्य पदार्थको ११ दशमलव ८१ प्रतिशत, दुग्ध पदार्थ तथा अण्डाको नौ दशमलव ३३ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको नौ दशमलव १९ प्रतिशत र मदिराजन्य पेयपदार्थको आठ दशमलव ८४ प्रतिशतले बढेको छ । गैरखाद्य तथा सेवा समूहअन्तर्गत यातायात उपसमूहको मूल्य सूचकाङ्क १७ दशमलव ७१ प्रतिशत, स्वास्थ्यको ११ दशमलव २२ प्रतिशत, मनोरञ्जन तथा संस्कृतिको आठ दशमलव ७६ प्रतिशत, घरायसी उपयोगका वस्तुको आठ दशमलव ४९ प्रतिशत र फर्निसिङ तथा घरायसी उपकरणको आठ दशमलव ३३ प्रतिशतले




# बाराको विश्रामपुरमा युवकको शव फेला

मधेशदृष्टि
वीरगंज, मंसिर २९।

बारामा एक युवकको शव फेला परेको छ । जिल्लाको विश्रामपुर गाउँपालिका-५ इटियाहीमा परालले छोपेको अवस्थामा शव फेला परेको हो ।

उक्त शव जीतपुरसिमरा उपमहानगरपालिका-१० बस्ने २२ वर्षीय सुरज साह कानुको रहेको प्रहरीले जनाएको छ । तारले खुट्टामा बाँधेको र टिसर्टले मुख छोपेको अवस्थामा सुरजको शव भेटिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले बताए । प्रहरीले हत्याको घटनामा दुई जनाको संलग्नता हुनसक्ने आशंका गरेको छ ।

शंकास्पद व्यक्तिहरुको खोजी भइरहेको प्रहरी उपरीक्षक बोगटीले बताए । शव पोष्टमार्टमका लागि कलैया अस्पतालमा पठाइएको प्रहरीले जनाएको छ ।

# दुर्घटनामा एक युवकको मृत्यु

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २९ ।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत धनुषाको मिथिला नगरपालिका-६ ढल्केबरमा सवारी दुर्घटनामा परी एक युवकको मृत्यु भएको छ ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक रामसागर सिंहका अनुसार सवारी दुर्घटनामा महोत्तरीको भङ्गाहा नगरपालिका-४ बस्ने २४ वर्षीय अमरेन्द्र महतोको मृत्यु भएको छ ।

पूर्वबाट काठमाडौंतर्फ गइरहेको प्रदेश-३-०१-००६ ख ६८४ नम्बरको बसमा प्रदेश-२-०२-००३ प ३८४३ नम्बरको मोटरसाइकल बुधबार राति १० बजे ठोक्किएको थियो । बसबाट ठक्कर खाएर मोटरसाइकल अनियन्त्रित भएर काठमाडौंबाट पूर्वतर्फ गइरहेको बा ५ ख ५२७४ नम्बरको हाइस गाडीमा समेत ठोक्किन पुगेपछि मोटरसाइकल चालक महतो गम्भीर घाइते भएको थियो । घाइते महतोको उपचारको क्रममा प्रादेशिक अस्पताल जनकपुरमा मृत्यु भएको प्रहरी निरीक्षक सिंहले जानकारी दिएका छन् । दुर्घटनासँग जोडिएका बस, हाइस र मोटरसाइकल प्रहरी नियन्त्रणमा छ भने अनुसन्धान भइरहेको प्रहरीले

# मिलको फितामा बेरिएर महिलाको मृत्यु

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २९ ।

धनुषामा एक महिलाको मिलको फित्तामा बेरिएर मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार मृत्यु हुनेमा जिल्लाको मिथिला बिहारी नगरपालिका ५ ललियाका महेन्द्र साहकी ४५ वर्षीया पत्नी कालोदेवी साह रहेकी छिन । स्थानीय रामअशिष मण्डलको मिलमा कालोदेवी धान कुटाउन गएको बेला बिहीबार बिहान फित्तामा बेरिएर टाउको र शरीर अलग भई घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिएका छन् ।

घटनास्थलको मुचुल्का गरी मृतक साहको शव पोस्टमार्टका लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको र घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिप्रका धनुषाले

## विदेशी विनिमय दर

**Fixed Rate**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| Indian Rupee (INR) | 100 | 160 | 160 . 15 |

**Open Market Rates**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| USD (U.S. Dollar) | 1 | 131.64 | 132.24 |
| EUR (European Euro) | 1 | 140.29 | 140.93 |
| GBP (UK Pound Sterling) | 1 | 162.98 | 163.72 |
| CHF (Swiss Franc) | 1 | 141.99 | 142.64 |
| AUD (Australian Dollar) | 1 | 90.40 | 90.81 |
| CAD (Canadian Dollar) | 1 | 97.22 | 97.66 |
| SGD (Singapore Dollar) | 1 | 97.77 | 98.21 |
| JPY (Japanese Yen) | 10 | 9.75 | 9.79 |
| CNY (Chinese Yuan) | 1 | 18.95 | 19.04 |
| SAR (Saudi Arabian Riyal) | 1 | 35.01 | 35.17 |
| QAR (Qatari Riyal) | 1 | 35.87 | 36.04 |
| THB (Thai Baht) | 1 | 3.81 | 3.83 |
| AED (UAE Dirham) | 1 | 35.84 | 36.00 |
| MYR (Malaysian Ringgit) | 1 | 29.98 | 30.11 |
| KRW (South Korean Won) | 100 | 10.19 | 10.23 |
| SEK (Swedish Kroner) | 1 | 12.91 | 12.97 |
| DKK (Danish Kroner) | 1 | 18.86 | 18.95 |
| HKD (Hong Kong Dollar) | 1 | 16.94 | 17.01 |
| KWD (Kuwaity Dinar) | 1 | 429.42 | 431.38 |
| BHD (Bahrain Dinar) | 1 | 349.18 | 350.77 |

# ट्याक्टरले किचेर किशोरको मृत्यु

सिरहा, २९ मंसिर ।

सिरहामा ट्याक्टले किचेर एक किशोरको मृत्यु भएको छ। जिल्लाको गोलबजार नपा ५ स्थित गुड्डु इँटा उद्योगमा कार्यरत धनगढीमाई नपाका ७ कसहाका शिवु महतोको १५ वर्षिय छोरा जय प्रकाशको ना. १ त. २१०३ नम्वरको ट्याक्टले किचेर विहिवार अपरान्ह मृत्यु भएको हो।

उद्योगमा इँटा बनाउन माटो पेल्ने मेसिन जोडेको ट्याक्टरको पछाडीको चक्काले किचेर घाईते महतोलाई उपचारको लागि लहान लगिरहेको बेला बाटोमै मृत्यु भएको इलाका प्रहरी कार्यालय गोलबजारका इन्सपेक्टर राजु केसीले जानकारी दिए।

प्रहरीले माटो पेलेको हेर ि रहेका महतो एक्कासी लडेपछि ट्याक्टरले किचेर घाईते भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको बताको छ। घटनाबारे थप अनुसन्धान भईरहेको र पोष्टमार्टमबाट पनि धेरै कुरा खुल्ने प्रहरीले बताए । शव पोष्टमार्टमको लागि रामकुमार उमाप्रसाद स्मारक अस्पताल लहानमा राखिएको छ।

# ट्याक्टरको ठक्करबाट एकको मृत्यु

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २९ ।

सर्लाहीमा ट्याक्टरको ठक्करबाट एक जनाको मृत्यु भएको छ । बिहीबार दिउँसो करिब ३ बजे सर्लाहीको ब्रह्मपुरी गाउँपालिका-३ स्थित हुलाकी सडकखण्डमा ट्र्याक्टरले मोटरसाइकललाई ठक्कर दिँदा महोत्तरीको इटहरवाकट्टी-७ बस्ने ५७ वर्षीय सुरेन्द्र मण्डलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएका छन । सो दुर्घटनामा अन्य एक जना मोटरसाइकल चालक घाइते भएका छन् ।

पर्साबाट मलंगवातर्फ आइरहेको ज २ त ५२७ नम्बरको ट्र्याक्टरले भारतीय नम्बर प्लेटको मोटरसाइकललाई ठक्कर दिँदा सर्लाहीको रामनगर गाउँपालिका-४ बस्ने ३१ वर्षीय सञ्जय मण्डल र महोत्तरीका सुरेन्द्र मण्डल घाइते भएका थिए ।

उपचारका लागि दुवै जनालाई प्रादेशिक अस्पताल सर्लाहीमा पुऱ्याउँदा सुरेन्द्रलाई डाक्टरले मृत घोषित गरेका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक विजय यादवले जानकारी दिएका छन । उनले ठक्कर दिने टयाक्टर र चालक फरार रहेकाले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको

## मोटरसाइकल हराएको सूचना

यही मिति २०७९ मंसिर २५ गतेका दिन दिउंसो १ :३० बजे धनुषा जिल्ला धनुषाधाम नगरपालिका ३ धनुषा निवासी अनिलकुमार यादवको म.प्र.०२–००६ प २२१४ नम्बरको बजाज कम्पनीको रातो रंगको पल्सर २०० एनएस मोटरसाइकल जनकपुरधाम स्थित प्रादेशिक अस्पतालको अगाडि हराएको छ । फेला पार्नु हुने महानुभावलाई सम्बन्धित व्यक्ति वा नजिकको प्रहरी चौकीमा जानकारी गराई दिन हुन अनुरोध छ ।

इन्जिन नं. : JLXMH93318
चेसिस नं. : MD2AGFX2MCH97193

**सम्पर्क**
अनिल कुमार यादव
धनुषधाम ३, धनुषा
मो.नं. : ९८१५८६८३०७

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
सहयोगी हातहरू अघि बढ्नेछन् । आफन्तको प्रगतिमा मन रमाउनेछ । व्यापार व्यवसाय सामान्य होला । पुनर्मिलनको योग पनि रहेको छ ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
विद्या र बुद्धिको कमी हुनेछ । प्रेममा समेत अविश्वासको वातावरण सिर्जना हुनसक्छ । स्वास्थ्यमा धन खर्च हुनेछ, तर शुभ कार्यको चर्चा चल्नेछ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
च्छा र आकाङ्क्षा पूर्ण हुनेछन् । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । लामो समयदेखि रोकिएका अधुरा कार्यहरू पुरा हुन सक्छ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कामसमेत सम्पादन हुनेछ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज कुनै कुराले मनमा शान्ति छाउनेछ । आम्दानी बढाउने कामको योजना गर्न सकिनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । शैक्षिक क्षेत्र पनि कमजोर रहने देखिन्छ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज मनोरञ्जन पूर्ण दिन रहनेछ । रोकिएको काम दोहोर्याएर प्रयत्न गर्दा फाइदा हुनेछ । आफ्नै दक्षतामा कार्यहरू सम्पन्न हुनेछन् ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज धर्मकर्म र सामाजिक कार्यमा मन जानेछ । साहित्यिक क्षेत्रमा रूचि बढ्नेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला । धार्मिक कार्यमा मन जानेछ । व्यावसायिक काममा राम्रै हुने र योजना पनि बन्नेछ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अनावश्यक खर्च हुने र मानसिक चिन्ता बढ्नेछ । झुटा आरोप आइपर्दा समस्या खेप्नुपर्नेछ । योजना गोप्य राखेर अघि बढ्नुहोला ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आँटेको र ताकेको कार्य अघि बढ्नेछ । पारिवारिक सहयोग र सद्भाव बढ्नेछ । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज धर्मकर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । जोशजाँगर र हिम्मत बढ्ला । बन्धु बान्धवबाट सहयोग पनि मिल्नेछ ।

# राजनीतिक स्थिरता र विकासका लागि गठबन्धन आवश्यक – अध्यक्ष ठाकुर

काठमाडौँ, २९ मङ्सिर
प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको अन्तिम नतिजा सार्वजनिक भएसँगै मुलुक अब नयाँ सरकारप्राप्तिको उन्मुखमा छ । देशका प्रमुख राजनीतिक शक्ति सरकार गठनका लागि अङ्क गणितीय जोड घटाउ गर्दै गम्भीर वार्ता र संवादमा व्यस्त रहँदै आउनुभएको छ। यही मङ्सिर ४ गते सम्पन्न निर्वाचनबाट प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १२ र समानुपातिक निर्वाचन प्रणालीबाट सात राजनीतिक दलको प्रतिनिधित्व भएको छ ।



मुलुकले अपनाएको मिश्रित निर्वाचन प्रणालीअनुरुप मतदाताले पुनःमिलेर सरकार चलाउन राजनीतिक दललाई निर्वाचनमार्फत सन्देश दिएका छन् । यसै सन्दर्भमा निर्वाचनको नतिजा, नयाँ राजनीतिक परिस्थिति, सरकार गठनलगायतका विकास र समृद्धिका विषयमा गरिएको कुराकानीमा लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर भन्नुहुन्छ, “मुलुकलाई विकास र समृद्धितर्फ अघि बढाउन वर्तमान गठबन्धनलाई नै निरन्तरता दिनुपर्छ ।”

मुलुकमा लोकतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनमा प्रजातान्त्रिक खेमामा रही छ दशकदेखि निरन्तररुपमा सक्रिय रहँदै आउनुभएका महन्थ ठाकुर बौद्धिक एवं परिपक्क राजनीतिज्ञका रुपमा परिचित हुनुहुन्छ । पछिल्लो दशक मधेस र मधेसीको हकहितमा क्रियाशील लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष ठाकुरसँग प्रतिनिधिसभाको उपसभामुख र ज्येष्ठ सदस्य भएर सम्पूर्ण सांसदलाई शपथ खुवाइ सदन सञ्चालन गरेको अनुभव पनि छ ।

नेपाली कांग्रेसबाट २०१६ सालमा राजनीतिक यात्रा आरम्भ गर्नुभएका ठाकुरले सोही दलको कोषाध्यक्षसम्मको जिम्मेवारी सम्हाल्ने अवसर प्राप्त गर्नुभयो । विसं २०४८ देखि २०५१ सम्म उपसभामुख, २०६३ सालको अन्तरिम सरकारमा वातावरण तथा विज्ञान प्रविधिमन्त्री रहनुभएका ठाकुर यसपटक आफनो गृहजिल्ला महोत्तरी-३ बाट १६ हजार तीन सय ७५ मत पाएर प्रतिनिधिसभामा निर्वाचित हुनुभएको छ। शिक्षण र वकालतको अनुभव, निष्ठाको राजनीतिको पर्याय र समानताको पक्षधरको परिचय बनाउनुभएका अध्यक्ष ठाकुरसँग राष्ट्रिय समाचार समिति (रासस) का उपप्रमुख समाचारदाता नारायण न्यौपाने र समाचारदाता सिवी अधिकारीले गर्नुभएको कुराकानीको सम्पादित अंश :

**भर्खरै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनलाई यहाँले कसरी लिनुभएको छ ?**

निर्वाचन कठिन सङ्घर्ष थियो। कांग्रेससहितका पाँच दलीय र एमाले सम्बद्ध गठबन्धन प्रतिस्पर्धामा थिए । समग्रमा अधिकांश ठाउँमा शान्तिपूर्ण निर्वाचन भयो । निर्वाचन क्षेत्रमै यसपटक मतगणना पनि सम्पन्न भयो । कतै कुनै गडबडी भएन । परिणामका हिसाबले कतिपय स्थानमा केही नतिजा अप्रत्यासित आउन सक्छ भन्ने हामीलाई सुरुमै लागेकै थियो । एउटा चुनावी नारा पनि थियो “पुराना होइन : नयाँ भन्ने” । चुनावका क्रममा जातिपातिका आधारमा पनि भोट माग्ने काम हुन्छ तर जनता कस्ता उम्मेदवारलाई मत दिनुपर्छ भन्ने सचेत र जानकार भइसकेका छन् । राम्ररी सोच विचार गरेर मात्र मतदान गर्छन् ।

**अध्यक्षज्यू चुनाव प्रचारप्रसारमा जाँदा दलका चुनावी घोषणापत्र र जनताका मागबीच तालमेल पाउनुभयो त ?**

तालमेल त भइहाल्छ । सबैको चाहिँ हुन्न । समग्रमा विकास त भएको छ तर हाम्रा लागि के भन्ने मधेसका मतदाताको प्रश्न छ । मधेसमा थुप्रै बस्ती र खेतीयोग्य जमिन नदी किनारमा छ तर सिँचाइको कमी छ । समयमा पानी नपर्दा कतिपय ठाउँमा सुक्खा छ । त्यहाँ प्रभावकारी सिँचाइको आवश्यकता छ । सुरुका दिनका डिप-बोरिङ र हुलाकी सडकको माग रहेकामा अहिले ती काम पूरा हुँदै गएका छन् । विश्वविद्यालय स्थापनाको विषय बजेट भाषणमा आए पनि नक्सामा मात्र सीमित छ। संसदीय विकास कोषबाट मधेसका धेरै बस्तीमा घर बनेको प्रष्ट देखिन्छ । मुस्लिम समुदायबाट मदरसा र मस्जिद तथा दलित समुदायका लागि विद्यालय र सामुदायिक भवनको मुख्य माग छ । गाउँगाउँमा पक्की सडकको विस्तार भएसँगै गाउँको नक्सा बदलिएको छ । तर सरकार पुनःअस्थिर भयो भने अरु केही चुनौती भने पक्कै आउन सक्छ ।

**कानुन तर्जुमा र विधि बनाउन चुनिएका जनप्रतिनिधिले विकासे कुरा गर्न मिल्छ र ! यहाँको प्रमुख जिम्मेवारी त कानुन र विधि निर्माण गर्ने हो नि ?**

राज्यको कानुन निर्माणसँगै जनताका समस्या, पिरमर्का र आवश्यकताका आवाज सुन्नु पनि जनप्रतिनिधिको मुख्य दायित्व हुन्छ । घरदैलोमा भोट माग्न जाँदा सडक, खानेपानी, सिँचाइको समस्या छ भन्ने माग जनताको छ । सांसदको काम प्रमुखरुपमा कानुन निर्माणको जिम्मेवारी हो तर आवाजविहीनको आवाज मुखरित गर्ने पनि त जनप्रतिनिधिको मुख्य कर्तव्य हुन्छ । कानुन निर्माण गर्ने भूमिका भए पनि जनताको विकास निर्माणसम्बन्धी चाहनालाई तालमेल गरेर जानुपर्छ । विद्यालय भवन निर्माण, पोखरी सरसफाइ र संरक्षण सरकारले गरिदिए हुन्थ्यो भन्ने उनीहरुको चाहना रहन्छ । सांसद भएपछि जनताका साना-मसिना माग र मुद्दालाई ध्यान दिनैपर्छ, नत्र मत माग्न जाँदा किन आउनुभएको, हाम्रा काम भएनन् भनेर गुनासो गर्छन् । त्यसैले हामी जनप्रतिनिधिले आमजनताका माग र मुद्दा समाधानका लागि पहलक दमी लिनुपर्छ, लिन्छौँ ।

**सङ्घीयता अभ्यास भएको पाँच वर्ष पूरा भएको छ, तीन तहका सरकारबीचको समन्वय कस्तो पाउनुभएको छ ?**

तीन तहमै निर्वाचित सरकार त भएको छ तर प्रदेश र स्थानीय तहले अधिकार पाएका छैनन् । उसका आफ्ना कर्मचारी छैनन् । आन्तरिक सुरक्षाका रुपमा रहने पुलिस फोर्स केन्द्रकै हातमा छ । त्यसले गर्दा पनि असर भएको छ । हामी कहाँ एउटा संसदीय प्रणाली छ भने अर्को प्रत्यक्ष जनताबाट निर्वाचित स्थानीय सरकार छ । उसको आफ्नो कर्मचारी हुनुपर्ने हो त्यो छैन । जुन कर्मचारी जहाँबाट आएको छ त्यो उसैप्रति उत्तरदायी हुन्छ । समन्वय हुन्न । यहाँ यस्तै समस्या देखिएको छ । मधेस आन्दोलन मुलुकको शासकीयस्वरुप परिवर्तन र सङ्घीयता कार्यान्वयनका लागि ठूलो योगदान छ ।

**निर्वाचनको नतिजाले मधेसवादी दलले उठाउँदै आएका ती एजेण्डलाई ओझेलमा पारेको सङ्केत गरेको छ, यसलाई यहाँले कसरी लिनुभएको छ ?**

तपाइँहरुले यसरी कुरा उठाइरहँदा हामीलाई असाध्यै पीडा हुन्छ । हामी जति बिर्सन खोज्छौँ सक्दैनौँ । मुलुकमा धेरै आन्दोलन भए, अहिले पनि सङ्क्रमणकाल चलिरहेको छ । परिवर्तन त हुँदै जाला तर, कतिपयले सबैथोक गुमाइसके । अहिले पनि थरुहट आन्दोलनकारी जेलमा छन्, तारिख खेपिरहेका छन् । त्यो घटना अन्याय मात्रै हैन, अत्याचार थियो । तपाईंले कुरा उठाउनुभयो मेरो आँखा वरिपरि त्यो घटना झल्किरहेको छ ।

केही पीडितलाई पार्टीकोतर्फबाट राहत दिउँ भनेर गयौँ तर उनीहरु मेरो छोरा ल्याइदेउ, राहत चाहिँदैन भन्छन् । हामीलाई कति पीडा होला भनिसाध्य छैन । मधेसी र थरुहट मुद्दाका पीडितले अझै न्याय पाउन सकेका छैनन् । राज्यबाट पीडितको जीवनयापनको व्यवस्था भइदिएहुन्थ्यो, धेरैपटक निर्णय भयो तर कार्यान्वनयन भएन ।

**पछिल्लो निर्वाचनको परिणामले ती मुद्दा उठाउने पक्षलाई नै मतले अलि साँघुरो बनाएको देखिन्छ, यहाँले कसरी हेर्नुभएको छ ?**

हामीले साथीहरुलाई जेलबाट छुटाउन सकेनौँ । निर्वाचनको समयमा अरुले त्यो गर्दिन्छु भनेका छन्, अहिले सरकार पनि लागिरहेको छ । साथीहरुलाई जेलबाट जसले पहल गरेर छुटाउन सक्छ। छुटाउनुपर्छ । जसका लागि हामीले पनि पहल गरिरहेकै छौँ ।

**तपाइँहरु तराई-मधेसमा आन्दोलनबाट स्थापित शीर्ष नेताहरु हुनुहुन्छ । पछिल्ला निर्वाचनमा तुलनात्मकरुपमा योगदान कम रहेका पक्षतर्फ मतपरिणाम गएजस्तो अनुभूति भएको छैन् ?**

मधेस आन्दोलन र मधेसका मुद्दा उठाए पनि यिनीहरुले गर्न सकेनन् भनेर जनमत पार्टीको पक्षमा मत जाहेर गरेको अवस्था छ । उहाँहरुले गर्न सक्नुहुन्छ कि हुन्न त्यो त हेर्न बाँकी छ। हामीले समावेशीताको नारा लियौँ, पहिचानका आधारमा भेदभाव नगर भन्छौँ, उल्टै हामीलाई विखण्डनवादीको आरोप लाग्छ। हाम्रो भाषा, संस्कृति, खानपान रहनसहनमा विविधता छ । विभिन्न छौँ तर हामी एकसाथ छौँ । राज्यशक्तिमा समान पहुँच छैन । न्यायोचित वितरण हुनुपर्‍यो भन्ने हाम्रो माग छ । त्यसमा अहिलेसम्म राज्यले हाम्रो भावना बुझ्न सकेको छैन । जो प्रधानमन्त्री हुन्छ हामी माग लिएर जान्थ्यौँ । नागरिकताको विषय राष्ट्रपतिजीले बुझ्नुभएन । अहिले पनि संविधानमा महिला र पुरुषको बराबरी अधिकार छैन ।

**निर्वाचनमा यहाँको पार्टी जुन खेमामा उभियो, अबको यात्राको निरन्तरता पनि यतैतर्फ रहन्छ ? राजनीतिक स्थिरता र बाह्य शक्तिको चलखेललाई यहाँले कसरी लिनुहुन्छ ?**

मुलुक कुनै पनि गठबन्धन वा सरकार सबैमा राजनीतिक स्थिरता देख्न चाहन्छौँ । जबसम्म राजनीतिक स्थिरता आउदैन तबसम्म विकास निर्माणले गतिलिन सक्दैन । पूर्वाधारलगायतका काम समयमा हुँदैन । त्यसको मार आमजनता प्रत्यक्ष पर्छ । जनताले चाहेका सडक, सिँचाइ, खानेपानी समयमा सहज ढङ्गबाट काम हुनुपर्छ । अनि मात्र समय र पैसाको बचत हुन्छ । त्यसैले मुलुकमा आर्थिक समृद्धिको गतिलाई द्रुतरुपमा अघि बढाउन गठबन्धनलाई निरन्तरता दिनुपर्छ । लामो समयदेखि पुलपुलेसा बनेको छैन । सडकको बेहाल छ, जति पनि सरकार बनेका छन् कुनैको बहुमत र स्थिर देखिएन । यसबाट विकासलाई अवरोध सिर्जना गरेको छ । विसं २०४६ पछिका कुनै पनि सरकार स्थिर भएन । हाम्रो राजनीतिक इतिहास पनि अस्थिर छ । शान्तिपूर्ण देखिदैन । धोकाधडी, षड्यन्त्र, आतङ्क आदिबाट प्रताडित भएको छ । भूराजनीतिक प्रभाव पनि उत्तिकै छ । त्यो राष्ट्रिय होस् या अन्तर्राष्ट्रिय । देशको प्रधानमन्त्री भएका जिम्मेवार नेतालेसमेत खुल्लमखुला बोलिरहनुभएको छ । बाह्यशक्तिको हात छ भनेर । तर कुन शक्ति हो भन्ने चाहिँ खुलाउन सक्नुभएको छैन । अहिले पश्चिमा शक्ति पनि सशक्त छ, अर्कातिर उत्तर- दक्षिणका शक्ति उत्तिकै छन् ।

**सरकारले हालै अघि बढाएको अध्यादेशबारे तपाइँको दृष्टिकोण ?**

जुन अध्यादेश अहिले चर्चामा छ, त्यो नसोध्नुस् पीडा हुन्छ हामीलाई ।

**मुलुकको राजनीति कता जान्छ, जनतालाई सकारात्मक आशा सन्देश कसरी दिलाउनु हुन्छ ?**

देशमा होस् वा विदेशमा नेपालीहरु निकै मेहनती छन् । काम र जिम्मेवारीप्रति पूर्ण इमान्दार छन् । कसैले पनि शङ्का गर्न सक्दैन । इमान्दारिताले गर्दा जहाँ गए पनि सम्मान पाउँछन् । भविष्य खराब छैन, उज्ज्वल नै देखापरेको छ । मुलुकको राजनीति पनि सही दिशामा जान्छ । यसमा कुनै सन्देह छैन ।

**सरकारमा सामेल हुने वा नहुने यहाँको पार्टीको आगामी कार्यदिशाबारे केही प्रष्ट पारिदिनु हुन्छ कि ?**

प्रधानमन्त्री जो बने पनि हाम्रा माग र मुद्दाबाट पछि हट्दैनौँ । देशको आधाभन्दा बढी जनसङ्ख्या मधेसमा छ, मधेस हाम्रो पहिचान हो । राजनीतिक दलले सत्तामा गएर जनताको सेवा गर्ने हो । हामी गैरसरकारी संस्था (एनजीओ) होइनौँ, कसैको एजेन्ट भएर पैसा ल्याएर काम गर्ने ।
दल भनेको जनताको सेवाका लागि स्थापित राजनीतिक सङ्गठन हो । यो सधैँ जनताप्रति उत्तरदायी हुन्छ । त्यसैले सरकारमा सामेल हुने नहुने कुरा समयले निर्धारण गर्छ । रासस

# गुठी कर्मचारीमाथि एमाले नेता भण्डारीद्वारा हातपात



मधेशदृष्टि
जनकपुरधाम, मंसिर २९ ।
गुठी संस्थान जनकपुरधाम शाखाका एक कर्मचारीमाथि एमालेका नेता सुरेन्द्र भण्डारीले हातपात गरेका छन ।
गुठीको जग्गा लिजमा लगाउने टेण्डर सम्बन्धी विवादमा जनकपुरधाम उपमहानगरपालिका नगर अध्यक्ष भण्डारीले गुठी संस्थानका कर्मचारी अमिन प्रभात चन्द्र पोखरेललाई दुर्व्यवहार गर्दै हातपात गरेको आरोप लगाइएको छ ।
टेण्डर दर्ता गर्ने समय आज दिउँसो करिव साढे १२ बजेको समय रहेकोमा समय नाघेपछि पनि टेण्डर दर्ता गरिरहेको भन्दै आफुमाथि एमालेका नगर अध्यक्ष भण्डारीले हातपात गरेको अमिन पोखरेले आरोप लगाएका छन ।
उनले भने तोकिएको समय भित्र कार्यालय भित्र छिरिसकेका व्यक्तिको दर्ता गरिरहेको क्रममा भण्डारीले कुरै नबुझिकन समयावधि सकिएपनि किन टेण्डर दर्ता गरिरहेको एकतर्फी भन्दै दुर्व्यवहार सहित आफूमाथि हातपात गरेको अमिन पोखरेलले बताए । यता, नेता भण्डारीले आफूले कुनै कर्मचारीमाथि हातपात नगरेको दाबी गरेका छन् । उनले भने अमिन भण्डारीले दिउँसो १२ बजे पश्चात् पनि टेण्डर दर्ता गरिरहेको कारण रोक्न लाग्दा सामान्य विवाद भएको हो । कर्मचारी श्रोतका अनुसार विहीवार दुई वटा बोलपत्र दर्ता भएको छ भने समयावधिपछि कार्यालय आएका ४ वटा बोलपत्र दर्ता नभई फिर्ता गएको छ । जनकपुरधाम उपमहानगरपालिका-८ स्थित सिट नम्बर १३५५-७५ को कित्ता नम्बर-५८ मा रहेको ७ कठ्ठा जग्गाका लागि न्यूनतम मूल्य प्रतिकठ्ठा १० हजार रुपैयाँको दरले गुठी संस्थान प्रधान कार्यालयले कार्तिक २ ९ गते बोलपत्र आह्वान गरेको थियो ।
गुठी संस्थान शाखा कार्यालय जनकपुरको गुठी तैनाथी जग्गा लिजमा दिने सम्बन्धी सूचना प्रकाशित भएको ३१ दिन भित्र दिउँसो १२ बजे भित्र वार्षिक भाडादर उल्लेख गरी सुचना प्रकाशनका गरेको थियो । सोही बोलपत्रको टेण्डर दर्तामा विवाद भएको हो ।
सो टेण्डर कुन प्रयोजनको लागि लिजमा दिन खोजिएको हो भने प्रष्ट नहुंदा निजकै निर्माणाधीन एक होटललाई पार्किंगका लागि भाडामा दिने उद्देश्यले बोलपत्र आह्वान गरिएको आरोप लाग्दै आएको छ ।

# ट्रान्सफर्मर चोरी, किसानलाई समस्या

मधेशदृष्टि
बीरगंज २९ मंसिर ।
बारा र पर्सा जिल्लामा भूमिगत सिँचाइका लागि विभिन्न स्थानमा जडान भएका डिपट्युवेलबाट ट्रान्सफर्मर चोरी भएको पाइएको छ । ट्रान्सफर्मर चोरीका कारण दुवै जिल्लामा भूमिगत सिँचाइको काम प्रभावित भएको भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजनको कार्यालय वीरगञ्ज पर्साले जनाएको छ ।
मधेश प्रदेश सरकारको मातहतमा रहेको कार्यालयका अनुसार पर्सा जिल्लामा तीन वटा र बारा जिल्लामा तीन वटा ट्रान्सफर्मर चोरी भएका छन् ।
चोरी भएका ट्रान्सफर्मरबारे पर्सा र बाराका प्रहरी प्रशासनलाई जानकारी दिएको कार्यालय प्रमुख अरविन्दकुमार मिश्राले जानकारी दिनुभयो । चोरी भएका छ वटा ट्रान्सफर्मरको मूल्य रु ३० लाख रहेको उहाँको भनाइ छ ।
कार्यालयका अनुसार पर्साको वीरगञ्ज महानगरपालिका वडा नं २८ र ३१, कोन्दियाको वडा नं ३२ को सोलखपुर र बारा जिल्लाको पर्सौनी गाउँपालिका वडा नं ७ प्रस्टोका, महागढी माई नगरपालिकाको तेलकूवा र हर्नेया नजिक इनर्वामालमा जडान भएका डिपट्यूवेलबाट ट्रान्सफर्मर चोरी भएको प्रमुख मिश्राले जानकारी दिनुभयो । उहाँका अनुसार विगत दुई महिनाको अवधिमा ६ वटै ट्रान्सफर्मर चोरी भएको हो । ट्रान्सफर्मर चोरी भएपछि किसान समस्यामा परेको मिश्राको भनाइ छ ।
पर्साका प्रहरी नायब उपरीक्षक निर्मल बुढाथोकीले चोरी भएको ट्रान्सफर्मर विषयमा छानबिन तथा पत्ता लगाउनका लागि सम्बन्धित प्रहरी चौकीमा निर्देशन दिइएको बताउनुभयो । ट्रान्सफर्मरभित्र रु ५० हजार पर्ने तेल र रु चार लाखभन्दा बढी मूल्य पर्ने तामाको तार जडान गरिएको हुन्छ

# पुल निर्माण भएपछि स्थानिय दंग

मधेशदृष्टि
सर्लाही, मंसिर २९ ।
जिल्लाको लालबन्दी-३, जब्दी र ईश्वरपुर-८, रामपुरलाई जोड्ने पुलको काम पूरा हुन लाग्दा स्थानीय वासिन्दा खुसीले दंग भएका छन् ।
वर्षौंदेखि प्रतिक्षारत् फूलजोर खोलाको निर्माणाधिन पुलको निर्माण कार्य अन्तिम चरणमा रहेकोले त्यस क्षेत्रका स्थानीय वासिन्दा खुसी भएका हुन् । सो स्थानमा पुल नहुँदा वर्षायाममा खोला वारपार गर्न समस्या झेल्दै आएका थिए ।
अहिले सो पुलबाटै आवतजावत गर्न मिल्ने भएपछि स्थानीय खुसी भएका हुन् । जब्दीका स्थानीय अर्जुन चौधरीले पुल निर्माण भएसँगै वर्षायाममा जोखिम मोलेर बाढीमा हेलिएर खोला वारपार गर्नुपर्ने बाध्यता अब अन्त्य भएको बताए ।
ईश्वरपुर नगरपालिकाको रामपुर, बयलवास, रामनगर, बेला, मनहर्वा र चन्द्रनगर गाउँपालिकाका वासिन्दाले लालबन्दी बजारसम्म आउन छोटो दूरीमा पर्ने भएकाले फुलजोर खोला तरेरै आउने गरेका छन् । बाढी आएको बेला भने बयलवासबाट पूर्व-



पश्चिम राजमार्गस्थित फूलजोर चोकबाट लालबन्दीलगायत अन्य ठाउँमा आउजाउ गर्न बाध्यता थियो ।
गत बर्षको असार मसान्तमै निर्माण सकेर हस्तान्तरण हुनुपर्ने थियो । दुई सय मिटर लामो पुलको ४० मिटरजतिमा बाढीले क्षति गरेको गरेपछि निर्माण कार्य ढिला भएको निर्माण कम्पनीले जनाएको छ । तर ठेकेदार कम्पनिले लापरवाही ढंगले काम गरेको र समयमै कामदारहरुको भुक्तानि नगरेका कारण पुल निर्माणमा ढिलाई भएको लालबन्दी-३, जब्दीका स्थानिय राम कैलाश चौधरीले बताए ।
पुल निर्माणका लागि पप्पु शिवशंकर जेभीले १४ करोड रुपियाँमा ठेक्का सकार गरेको थियो । सङ्घीय सरकारको सहयोगमा आर्थिक वर्ष २०७५/०७६ बाटै पुल निर्माणको काम सुरु भएको हो ।
।’ईश्वरपुर नगरपालिका-८, का वडाध्यक्ष श्याम थापाले दुई साता भित्रमा पुलको निर्माण कार्य पूरा हुने गरी काम भइरहेको जानकारी दिए । अघिल्लो वर्ष असारमा पुल ढलान गरेकै राति खोलामा बाढी आएर पुलको केही भाग बगाएपछि लामो समयसम्म निर्माण कार्य रोकिएको थियो । ठेकेदारलाई निरन्तर ताकेता गरेर पुलको कामलाई अन्तिम चरणमा पुऱ्याइएको वडाध्यक्ष थापाले बताए ।

# साढे ७ हजार मेट्रिक टन युरिया वितरण

मधेशदृष्टि
वीरगंज, मंसिर २९ ।
वीरगंज स्थित कृषि सामग्री कम्पनीको प्रादेशिक कार्यालयले मधेश, बागमती र गण्डकी प्रदेशमा करीव साढे ७ हजार मेट्रिक टन युरिया मल वितरण गरेको दावी गरेको छ । कम्पनीको वीरगञ्जस्थित प्रादेशिक कार्यालयले गत कात्तिकदेखि हालसम्म ७ हजार ४ सय ८२ मेट्रिक टन युरिया मल परिचालन तथा वितरण गरेको जनाएको छ। कम्पनीको प्रादेशिक कार्यालयका सूचना अधिकृत आलोक कुमारका अनुसार ग्लोबल टेण्डरबाट भारतको आइपीएल कम्पनी मार्फत ३० हजार मेट्रिक टन युरिया मल आउँने क्रममा छ । त्यसमध्ये १२ हजार मेट्रिक टन युरिया वीरगञ्ज प्रादेशिक कार्यालयले पाउने उनले बताए । १२ हजार मेट्रिक टन मध्ये ८ वटा रेल्वे र्‍याकमा आएको ७ हजार ९ सय ५० मेट्रिक टन युरिया मल कार्यालयलाई प्राप्त भईसकेको र बाकी मल भोलीसम्म आइपुग्ने जानकारी आलोक कुमारले दिए ।
हाल वितरण भई रहेको मल गहुँ बाली सिजनका लागि लक्षित गरेर वितरण गरिएको र त्यसले जिल्लाका किसानको युरिया मलको माग धेरै हदसम्म सम्बोधन गर्ने जनाईएको छ । लिकको अन्तिम बिन्दु बन्दरगाहेको इन्जिन रिभर्सल प्वाइन्टसम्म नपुगेकाले अन्य लिकसरह उक्त लिकबाट रेल ल्याउन सम्भव नभएपटि ४ करोडको लागतमा रेल्वे लिक सहित छुट्टै पर्खाल लगाएर भण्डारण कक्ष समेत निर्माण गरिएको छ । हाल फलामजन्य वस्तु बोकेर आउने मालवाहक रेलका लागि उपयोगमा आइरहेको लिकभन्दा पूर्वतर्फ उक्त लिकलाई जडान गरिएको छ । नयाँ जडान गरिएको लिकबाट फलामजन्य वस्तु ल्याउँने र हालको ५ नम्बर लिकबाट कोइला, क्लिंकर, खरानीजस्ता वस्तु बोकेका रेल ल्याउन सकिने जनाईएको छ ।

## सम्पादकीय

# k'/fgf]aSofx{f, gofF sfddf Jojwfg

स्थानीय तहको निर्वाचन पछि एउटा अपेक्षा थियो, तल्लो तहको सरकार प्रभावकारी रुपमा अगाडि बढ्ने छ । पहिलो स्थानीय तहको तुलनामा दोश्रोमा कानूनी उल्झनहरु कम भएको र प्रशस्त अनुभव आर्जन गरेको लगायतका कारणले कामहरु फटाफट हुन्छन् भन्ने थियो । तर, कतिपय स्थानीय तहमा त्यस्तो सहज वातावरण बन्न सकेन । उदाहरणमा बाराको निजगढ नगरपालिकालाई लिन सकिन्छ । पहिला यो नगरपालिकामा नेपाली कांग्रेसले जितेको थियो । पछिल्लो चुनावमा एमाले विजयी भयो ।

चुनावमा जनताले कहिले कसलाई विजयी गराउँछन्, कहिले कसलाई । तर, एमाले नेतृत्वले नगरमा कार्यरत प्रशासकीय अधिकृतलाई नराख्ने नीति लियो । अधिकृत त्यहाँबाट हट्न नखोज्ने मेयर हटाएरै छोड्ने राजनीतिको अन्त्यमा मेयरले जिते । के देखिन्छ भने प्रारम्भमै लफडा गर्दै सुरु भएको मेयर सुरनाथ पुरीको कार्यकाल चुनौतीहरुले घेरिएको छ । पहिलो नगरपालिकासँग श्रोत छैन र आर्थिक श्रोत आर्जन गर्ने बाटाहरु बन्दछन्, खुलेका छैनन् । यसमाथी पहिलो कार्यकालमा भएका कामहरुको भुक्तानी समस्या प्रमुख समस्या बनेको छ । निजगढ नगरपालिकाले गत आर्थिक वर्षको बक्यौता रकम भुक्तानी गरि नहुन्जेल नयाँ काममा हात नहाल्ने नीति लिन वाध्य छ । परिणाम, विकास निमार्णका काम ठप्प प्रायं भएका छन् ।

उपभोक्ता समिति मार्फत गतवर्ष सम्पन्न भएका योजनाहरुको २० करोड बक्यौता मध्ये अहिलेसम्म ५ करोडमात्र भुक्तानी भएको छ । संघीय सरकारले पठाएको चौमासिक रकमले पुरानो बक्यौता तिर्न धौ धौ भएपछि नयाँ योजनाहरु कार्यन्वयनमा समस्या भएको निजगढ नगरपालिकाका नगरप्रमख पुरी स्वीकार्छन् । पहिलो चौमासिकमा ५ करोड भुक्तानी भएको भएपनि अझै १५ करोड तिर्न बाँकीनै छ । 'संघीय सरकारबाट चौमासिक किस्तामा आएको रकमले एकमुष्ट रुपमा पुरानो बक्यौता तिर्न सकिएको छैन्, विकास निमार्णको लागि नयाँ योजनाहरु शुरु गर्न पनि सकिएको छैन्, साह्रै नै अप्ठारो भएको छ हामीलाई' नगरप्रमुख पुरीका यी भनाईले समस्या पेचिला छन् भन्ने देखिन्छ ।

नगरपालिकाका दुई प्रमुख आम्दानीका श्रोत बन्द छन् । आम्दानीको मुख्य श्रोतको रुपमा रहेको नदिजन्य पदार्थको ठेक्का बन्द हुनु र जग्गाको कित्ताकाँट समेत नखुल्दा रजिष्टेशन शुल्कबाट आउने आन्तरिक राजस्व बन्द हुनु हो । निजगढ नगरपालिकाले वर्षेनी १३ देखि १६ करोडमा बकैया,धन्सार खोला ठेक्का लगाउँदै आएको थियो । यस पटक ठेक्का लगाउने काममा पनि कानूनी अवरोध छ । चुरे उत्खननको विषयलाई लिएर सर्वोच्च अदालतमा रिट दायर भएपछि निजगढले ठेक्का लगाउने काम अघि बढाउन सकेको छैन । श्रोतहरु भएको र पहिलाको बक्यौता तिनुपन दबाव बढ्दै गएकोले नगरपालिकाले कुनै पनि नयाँ काम गरेको छैन। मेयर पहिलो उपभोत्ताको बाँकी भुक्तानी भैसकेपपछिमात्र नयाँ काममा हात हाल्ने मनस्थितिमा देखिन्छन् ।

श्रोतको अभाव हुनुका पछाडी केही नीतिगत कमजोरी छन् । अघिल्लो वर्ष नगरपालिकाले १अर्ब १० करोडको बजेट ल्याएको थियो । आम्दानीका श्रोतले नभ्याउने घाटा बजेट ल्याएकोले समस्या पेचिलो भएको देखिन्छ । घाटा बजेटबाट पाठ सिक्दै यस वर्षका लागि १५ करोड घटाएर ९५ करोडको बजेट सार्वजनिक गरेको छ । चुनौतीहरुबीच संभावना पनि हुन्छन् । उपभोत्ताको नाममा विकासका काम गर्दा अधिकांश पैसा तोकिएको काममा प्रयोग भएको हुँदैन । नगरपालिकाहरुमा सरकारी श्रोतलाई विकासको नाममा दुरुपयोग गर्ने थरिथरिका तत्व हुन्छन्, जहाँ राजनीतिकर्मी पनि मिसिएका हुन्छन् । श्रोत अभावले गर्दा उपभोत्ताबाट गरिने काम सबै बन्द गरेर नगरपालिकाले संभव भएका सबै काम ठेक्का लगायतका माध्यमबाट गरोस् । यसो गर्नसक्यो भने विकासको नाममा सतहमा देखिएका कतिपय विकृती आफैं नियन्त्रित पनि हुन्छन् ।

# /fHosf];DkIQ / nfesf]pkofu



- डा. विश्व पौडेल

*निजी क्षेत्र लाइसेन्सप्रति बढी नै आसक्त छ । नेपालको निजी क्षेत्रमा आफैं आविष्कार गरेर वा अन्तर्राष्ट्रिय बजारमा निर्यात गरेर सम्पत्ति कमाउने मान्छे निकै कम छन् । आफूले लाइसेन्स हातमा लिएपछि अरूलाई निषेध गर्ने प्रवृत्ति निजी क्षेत्रमा छ ।*

शिक्षाको उद्देश्य गरिबलाई धनी बनाउन भऱ्याङ्गको रूपमा काम गर्नु हो । विपन्नबाट सम्पन्न बनाउनु हो किनकि धनी बन्न लुट्न पाइन्न, चोर्न पाइन्न । सीप सिक्ने र सिकाउने संयन्त्रलाई राज्यले सम्पत्तिका रूपमा स्वीकार गरेर संरक्षण गर्नुपर्छ राज्यसँग सामान्यतया तीन प्रकारका सम्पत्ति, स्रोत उपलब्ध हुन्छन् । एउटा प्रत्यक्ष देखिने स्रोत हुन्छ । उदाहरणका लागि पानी, यस्तै प्रकारका अन्य प्राकृतिक स्रोत हुन सक्छन् । राज्यको स्रोतको रूपमा ढुंगा खानी, सल्फर, नाइट्रेट खानी हुन सक्छन् ।

वनजंगल पनि राज्यको सम्पत्ति हो । राज्यको सम्पत्ति र संरक्षण जंगलमा जुन सिद्धान्त प्रयोग गरेर यसलाई हामीले बचाइरहेका छौं, त्यसले अधिकतम फाइदा दिएको छ कि छैन ? यो एउटा प्रश्न हो ।जलविद्युत्को प्रयोग केही वर्षमा ह्वात्तै बढेको छ, सिमेन्टको पनि बढेको छ । यसबाट साधारण जनतामा राजस्व कति गएको छ ? त्यसको उत्तर अझै रोचक हुन्छ । हामी राज्यको राजस्वको स्रोत हेरौं । हाम्रोमा भएको प्राकृतिक स्रोतको उपयोग, उपभोगबाट भन्दा राज्यले आयातमा आधारित भएर बढी राजस्व संकलन गरिरहेको छ । पछिल्लो समय आयकरको हिस्सा बढी छ ।

प्राकृतिक स्रोत : हामीले देखिने प्राकृतिक स्रोतको उपभोग गरेका छौं कि छैनौं, यो अहम् प्रश्न बनेर आएको छ । सरसर्ती हेर्दा उपयोग भएकै छैन जस्तो देखियो किनकि त्यहाँबाट कर उठिरहेको छैन । यदि राज्यले उपयोग गरेको छैन भने कसले फाइदा लिएको छ त ? हामी एउटा मात्र उदाहरण हेर्न सक्छौं, ढुंगा, बालुवा, गिटी । यसबाट राज्यले उठाउनुपर्ने फाइदा उठाउन सकेको छैन भने यसको फाइदा कसले उठाइरेको छ ? कसैले न कसैले त कमाइरहेको छ । हामी सबैलाई थाहा छ । त्यसो भए यस्तो खालको कमाइ कति न्यायसंगत छ त ? राज्यको स्रोतबाट केही व्यक्ति धनी हुने अवस्था रहनु वा भनौं उनीहरूको योगदानभन्दा बढी मुनाफा हुनु

हुँदैन । प्राकृतिक स्रोतमा ढुंगा, गिटी, बालुवा, वन्यजन्तुजस्ता सबै विषयको प्रसंग आउँछ । पानीलाई कसरी बचाउने ? जलविद्युत आयोजना फर्केर सरकारको हातमा आएपछि कुन अवस्थामा आउँछन् ? ती राज्यलाई राजस्व तिर्न सक्ने अवस्थामा हुन्छन् कि राज्यलाई त्यो अप्ठेरो पार्ने गरी आउँछन् भन्ने मुख्य प्रश्न छ । चुनढुंगामा आधारित सिमेन्ट उद्योगको प्रश्न पनि यही नै हो ।

संस्थाः राज्यको दोस्रो महत्वपूर्ण स्रोत हो, संस्था । उदाहरणका लागि राष्ट्र बैंक, धितोपत्र बोर्ड, कानुनी संस्था । यी संस्था बनाउन वर्षौं लागेको छ । यी संस्थाको जगेर्ना गर्नु राज्यको दायित्व पनि हो । यी संस्थाले राम्रोसँग काम गरे भने जनतालाई फाइदा हुन्छ । यो संस्थाको फाइदा गरिब जनतासम्म पुऱ्याउन सकिन्छ । अहिले चर्चामा रहेको सेयर बजार र यसको नियामकारी संस्था धितोपत्र बोर्डकै कुरा गरौं ।

यो बोर्डको फाइदा गरिब गुरुवासम्म बाँड्ने संयन्त्र छ भने त्यो राम्रो भयो । त्यो छैन र केही व्यक्ति मात्र त्यहाँबाट धनी भएका छन् भने त्यो खराब भयो । त्यसकारण यी र यस्ता संस्थालाई राज्यका सम्पत्ति मानिएको हो । यिनको जगेर्ना गर्नु राज्यको दायित्व हो । कहिलेकाहीँ सुन मात्र राज्यको सम्पत्ति हो कि भन्ने हामी सोच्छौं । त्यसो होइन । यस्ता संस्थाको पनि आर्थिक नै 'रिटर्न' छ ।

यी संस्थालाई बचाउँदा पैसा आएको नदेखिए पनि यी नहुँदा हाम्रो पैसा जान्छ । हाम्रो बजारको खोजी र विस्तारमा यी संस्थाले काम गरेका हुन्छन् । त्यसकारण यी संस्थालाई राज्यले आफ्नो सम्पत्ति मान्नुपर्छ । निर्वाचन प्रक्रिया सस्तो, पारदर्शी बनायौं भने भोलि द्वन्द्व निरुपणमा ठूलो सहयोग गर्छ । जातजातिबीचमा झगडा हुँदा होस् वा हतियार उठेको बेला होस् । हामीले निर्वाचनमा आऊ भन्ने गर्छौं । विगतमा माओवादीलाई यस्तै अवसर दिइएको हो ।

शान्ति प्रक्रिया भनेकै एक मानेमा निर्वाचनको निष्पक्षता र सत्तामा जान पाउने स्वपान हो भन्ने मान्यताका आधारमा उनीहरू यो व्यवस्थामा आएका हुन् । यदि हामीसँग निर्वाचन गर्ने प्रक्रिया नभएका भए द्वन्द्व निरुपणको एउटा मात्र उपाय युद्ध मात्र हुन्थ्यो । युद्ध त एक जना मात्र बाँकी रहँदासम्म पनि सकिँदैन । त्यसकारण यी संस्थाहरूको राज्यमा ठूलो महत्व रहन्छ ।

शिक्षाः तेस्रो स्रोत भनेको केही अमूर्त संयन्त्र हुन्छन्, जसले समाजलाई बचाउन ठूलो भूमिका खेल्छ । उदाहरणका लागि शिक्षा । शिक्षाको उद्देश्य गरिबलाई धनी बनाउन भऱ्याङको रूपमा काम गर्नु हो ।

> *"निर्वाचन प्रक्रिया सस्तो, पारदर्शी बनायौं भने भोलि द्वन्द्व निरुपणमा ठूलो सहयोग गर्छ । जातजातिबीचमा झगडा हुँदा होस् वा हतियार उठेको बेला होस् । हामीले निर्वाचनमा आऊ भन्ने गर्छौं । विगतमा माओवादीलाई यस्तै अवसर दिइएको हो । शान्ति प्रक्रिया भनेकै एक मानेमा निर्वाचनको निष्पक्षता र सत्तामा जान पाउने स्वपान हो भन्ने मान्यताका आधारमा उनीहरू यो व्यवस्थामा आएका हुन् । यदि हामीसँग निर्वाचन गर्ने प्रक्रिया नभएका भए द्वन्द्व निरुपणको एउटा मात्र उपाय युद्ध मात्र हुन्थ्यो ।*

विपन्नबाट सम्पन्न बनाउनु हो किनकि धनी बन्न लुट्न पाइन्न, चोर्न पाइन्न । सीप सिक्ने र सिकाउने संयन्त्रलाई राज्यले सम्पत्तिका रूपमा स्वीकार गरेर संरक्षण गर्नुपर्छ । साक्षरताले अस्थिरता रोक्छ । यी तीन खालका सम्पत्ति (प्रत्यक्ष देखिने, संस्था र अमूर्त वा सेवा क्षेत्र) बाटै आर्थिक रूपमा सबल बन्ने माध्यम हुन् । कस्तो परिवर्तनको आवश्यकता छ ? सार्वजनिक सम्पत्तिको जगेर्ना राज्यले गर्नुपर्छ भन्नेमा दुईमत रहेन । साथमा अब राज्यले आफ्नो कर संरचनामा पनि केही न केही समीक्षा गर्नैपर्छ । आयातमा आधारित राजस्व, आम्दानीमा आधारित करमा पनि केही परिवर्तन ल्याउनुपर्छ । खास भन्ने हो भने कर राज्यको सम्पत्तिका माध्यमबाटै प्राप्त हुनुपर्छ । महाभारतमा उल्लेख भएजस्तै राज्यले कर उठाउने भनेको गाईको दूध दुहुनुजस्तै हो । यी सम्पत्तिलाई 'स्टक सम्पत्ति' का रूपमा लिने ताकि मुख्य संस्था नबिग्रियोस् । सम्पत्तिबाट हामीले कति प्रतिफल लिन चाहेको हो, निश्चित गरौं । धेरै दूध चाहियो भने अर्को गाई पाल्नुजस्तै । वा गाईलाई अधिकतम उत्पादक बनाउनु उसलाई

पालनपोषणमा बढी मिहिनेत गर्नुपऱ्यो । तर, गाईलाई नै काटेर मासु खाएर दूधको सट्टा बढी प्रोटिन पाइन्छ भनियो भने अर्को दिन हामीसँगै केही बाँकी रहने छैन ।

निजी क्षेत्रको प्रवृत्ति र समस्या

निजी क्षेत्र लाइसेन्सप्रति बढी नै आसक्त छ । नेपालको निजी क्षेत्रमा आफैं आविष्कार गरेर वा अन्तर्राष्ट्रिय बजारमा निर्यात गरेर सम्पत्ति कमाउने मान्छे निकै कम छन् । आफूले लाइसेन्स हातमा लिएपछि अरूलाई निषेध गर्ने प्रवृत्ति निजी क्षेत्रमा छ । २०४८ पछिको आर्थिक सुधारको मुख्य विशेषता नै स्वतन्त्रता थियो । त्यसबेला मान्छेले चाहेका बेला स्कुल, बैंक, बिमा, विश्वविद्यालय, अस्पताल, विमानस्थल बनाउन सक्थे । हामी स्वतन्त्र नेपाली हौं, व्यवसाय गर्न पाउने हाम्रो नैसर्गिक अधिकार हो भन्ने मान्यतामा आधारित रहेर त्यो बेला सुधार भएको थियो । तर, आज अर्थतन्त्र लाइसेन्समा आधारित भएको छ । चाहेका बेला बैंक खोल्न पाइन्न । अस्पतालले लाइसेन्स पाउँदैनन् । बिमा कम्पनी खुल्न पाउँदैनन् । धेरै क्षेत्रमा लाइसेन्स राखिएको छ । आजको स्मार्ट जमानामा हरेक कामले असमानता बढाउनुहुँदैन भन्ने मान्यता राखिन्छ । त्यसकारण हाम्रा नीतिहरूले पनि असमानता बढाउनुहुँदैन । धनी र गरिबबीच खाडल निर्माण गर्नुहुँदैन । जहाँ यस्तो खाडल देखिन्छ, त्यहाँ राज्यले हेर्नुपर्छ । राज्यमा भएको स्रोतमाथि सबैको बराबर अधिकार रहन्छ । आफूले लगानी गरेभन्दा कसैले पनि बढी लाभ लिन पाइँदैन । कसैले लिएको छ भने त्यो 'अनफेयर' भयो । त्यस्ता खालका लाइसेन्सलाई हटाउनुपर्छ । कतिपय अवस्थामा त्यो अलोकप्रिय पनि लाग्न सक्छ । तर, मुलुक जहिले स्वतन्त्रतायुक्त र पारदर्शी हुनुपर्छ ।

(अर्थशास्त्री, पौडेल, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष हुन्)

*साभारः अर्थनीति, आर्थिक पत्रकार समाजको प्रकाशन, सेजन स्मारिक २०७८ )*

# बढ्यो संघीयता विरोधी जनमत, नेता नसुध्रिए झनै अप्ठयारो



- सुरेन्द्र केसी

वि.सं. २०७२ सालको संघीय लोकतान्त्रीक गणतन्त्रात्मक संविधान जारी पश्चात दोस्रो संघीय र प्रदेश सभाको निर्वाचन हालै सम्पन्न भयो। संयोगले दुवै पटकको निर्वाचन शेरबहादुर सरकारले सम्पन्न गर्यो। संविधान कार्यन्वयन भयो तर संविधानको मर्म माथि बारम्बर प्रहार भयो। आम सर्वसाधारण निरास मात्र भएनन निर्वाचन मार्फत ठूलो आक्रोश पोखे। त्यो आक्रोशले बालेन प्रवृत्तिको मात्र जन्म होइन चारित्रिक रुपमा वा कानुन मिच्ने व्यक्तिहरूको समेत जन्म भयो। जहाँ राजकाज सम्बन्धित "र" को समेत जानकारी नभएको व्यक्तिहरूको उदय हुन पुग्यो। हुन त संविधानले सबैलाई समान अधिकार प्रदान गरेको छ। नयाँ व्यक्तिहरूको उदय हुनु सकारात्मक पक्ष हो भने ती व्यक्तिको प्रवृत्ति हेर्न बाँकी छ। कतै व्यक्ति र पाटीहरूलाई परीक्षण गर्दा गर्दै युवा सबै पलायन हुने वा देश दुर्घटनामा पर्ने त होइन ?

विगत पाँच वर्ष करिब तीन वर्ष वाम गठबन्धन शक्ति बीच पाटी एकीकरण हुँदा आम सर्वसाधारणले तत्कालीन सरकारबाट ठूलो अपेक्षा राखेका थिए। दुर्भाग्यवस त्यो स्वर्णिम समय पाटी झगडा र सत्ताको लुछाचुँडीमा नै बित्यो। अन्ततोगत्वा नोकापा तीन टुक्रामा विभाजित हुन पुग्यो। जसको कारण गठबन्धन संस्कृतिमा नै जनताले विश्वास गर्न छाडे। एउटै विचार भएका त मिलेर पाँच वर्ष काम गर्न सकेनन भने दुई भिन्न विचार वा सिद्धान्त भएका राजनैतिक पाटीलाई जनताले विश्वास गर्न सकेनन गत स्थानीय निर्वाचनको परिणाम हेरेर हौसिएका लोकतान्त्रीक वाम गठबन्धन अन्त त सम्पूर्ण परिणाम हाम्रो पक्षमा आउँछ भन्ने कल्पनाका साथ करिव दुई महिना सम्म भागबन्डा मिलाउन नसक्दा मतदाता प्रथम त निकै निराश भएका थिए। मतदाता स्थाई हुँदैन भन्ने कुरा विासं। २०१५ को निर्वाचन र विासं। २०४६ को जनआन्दोलन पश्चात भएका




निर्वाचनको परिणामले प्रष्ट पारी सकेको छ।

वर्तमान चुनावी परिणाम भने परिवर्तनका बाहक, आन्दोलनकारी वा जनयुद्ध गर्ने समेतका लागि शुभ संकेत होइन। यो परिणाम किन र कसका कारणले आयो भन्ने कुरा गम्भिर रुपमा विश्लेषण गर्नु पर्ने वेला आइसकेको छ। यदि समयमै चिन्तन मनन र समाधानको बाटो नपहिल्याउने हो भने भविष्यमा पछुताउनु बाहेक अरु केही हुने छैन ती प्रमुख दलहरूलाई। हालको चुनावी परिणामलाई व्यवस्था होइन अवस्था परिवर्तन गर्नका लागि जनताले जनादेश प्रदान गरेका छन यदि अब बन्ने सरकारले पूर्णता पाउन अघिल्लो सरकारले जस्तै सय दिन भन्दा बढी लगाउने, संविधानको मर्म अनुसार काम नगर्ने वा पद प्राप्ति मात्र पाटीको प्रमुख उद्देश्य हुने, त्यसैगरी आफ्नो राजनैतिक अभिष्ठ पुरा गर्न अध्यादेश मार्फत जघन्य अपराधीलाई माफ दिने गरे भने आम सर्वसाधारण अवस्था परिवर्तनका खातिर सडकमा ओर्लंदै वर्तमान संविधानको विपक्षमा मतदान गरे भने के हुन्छ ? वर्तमानमा नै आफू मालिक भएको हेर्न नचाहने वा सदैव दासत्वमा राजनैतिक जीवन बिताउने दक्षिणपन्थी सोच भएका पाटीका केही व्यक्ति नचुनिएका होइनन,त्यस्ता व्यक्तिको चयनले संविधान मास्न खोज्ने तत्वहरू आगामी दिनमा झन हौसिएर संविधान माथि आक्रमण गर्न नखोज्ने होइनन, तसर्थ त्यस्ता तत्वहरूलाई परास्त गर्न संविधानका रक्षकहरूलाई आफू सच्चिनु बाहेक अर्को विकल्प होला र ? अहिलेको संघ र प्रदेशको निर्वाचन परिणाम दलहरूका लागि त्यति उत्साहजनक होइन यो परिणामलाई सामान्य रुपमा लिनु पनि हुन्न। गत स्थानीय निर्वाचनमा केही स्थानमा दलभन्दा भिन्न व्यक्तिलाई निर्वाचित गरेर ती प्रमुख दलहरूलाई सच्चिनका लागि खबरदारी गरेका थिए तर दलहरूबाट त्यसो हुन सकेन। अब आम जनताले पुनः सच्चिनका लागि यस निर्वाचनको नतिजाले अर्को खबरदारी गरेका छन

नानीमैया दाहाल, पुहातु चौधरी, चन्द्र बहादुर बुढा जस्ता व्यक्तिलाई राष्ट्रिय पञ्चायतमा चुनेर पठाउँदा आम जनताले निरङ्कुशताको विरुद्धमा व्यवस्था परिवर्तनको संकेत गरेका थिए। कालान्तरमा व्यवस्था परिवर्तन भयो।

यस्ता केही निर्वाचनका परिणाम ३० वर्षे निर्दलीय व्यवस्थामा पनि हुन्थ्यो जहाँ नानीमैया दाहाल, पुहातु चौधरी, चन्द्र बहादुर बुढा जस्ता व्यक्तिलाई राष्ट्रिय पञ्चायतमा चुनेर पठाउँदा आम जनताले निरङ्कुशताको विरुद्धमा व्यवस्था परिवर्तनको संकेत गरेका थिए। कालान्तरमा व्यवस्था परिवर्तन भयो। अहिले संघीयताको विरुद्धमा ठूलो जनमत तयार हुँदैछ। ठूला दलका जिम्मेवार नेताहरू समेत यसको विरोध गर्दैछन जहाँ केन्द्र र स्थानीय निकाय भए पुग्छ भन्ने ठुलो तर्क उठेको त छँदैछ। यदि प्रदेशको काम छैन भने यी ठूला राजनैतिक दलहरू नै यसको कि त खारेजीमा लाग्नु पर्यो वा केन्द्रको अधिकार सबै प्रदेशमा पठाउनु सक्नु पर्छ जसले गर्दा ठूलो धनराशी फजुल खर्च हुनबाट जोगिन्छ।

चुनावमा को जित्यो को हार्यो ठूलो कुरा भएन प्रमुख कुरा संघीय लोकतान्त्रीक गणतन्त्रको संस्थागत विकासको लागि योगदान पुग्यो कि पुगेन प्रमुख कुरा हो। यसलाई संस्थागत गर्न के गर्नु पर्छ त्यो महत्वपूर्ण पक्ष हो। २०४६ र २०६२र०६३ को परिवर्तन पश्चात वा परिवर्तन पछि जन्मेका तमाम युवा युवतीले आफू जन्मदा र हालमा शून्य परिवर्तन भएको मान्दछन उनीहरूले विभिन्न दलका एउटै नेता २०४६ र २०६२र०६३ पछि निरन्तर चुनावमा उठेका, तीनै मन्त्री भएका, तिनीहरूकै नातागोता पदमा पुगेका, आमसञ्चार का माध्यमबाट भ्रष्ट्राचार, विसंगति बढी सुनेका, रोजगारी खोज्न मलेसियाको जङ्गल र अरबको मरुभूमि दैनिक हजारौं युवा पलायन भएका बाहेक अरु केही देखेका छैनन धन्न ती युवाहरूले नयाँ अनुहार, शिक्षित, इमानदार र सोचमा युवा व्यक्तिहरू तपाईंहरूकै पाटीभित्र खोज्दै छन ती युवाको आवाज नसुन्ने हो भने उनीहरूले गर्ने निर्णय जे पनि हुन सक्दैन र ?

अब बन्ने सरकार कसैको स्पष्ट

- बाँकी पृष्ठ ६ मा



सुनसरीको इनरुवामा घुम्ती मिलको सेवा दिँदै व्यवसायी । घरघर पुग्ने मोटरसाइकल मिलका कारण स्थानीयवासीले आँगनमै अनाज कुटानी, पिसानीको सेवा पाएका छन् ।

*तस्बिर : नबीन गड्तौला/रासस*

# कता हराए चिरबिर गर्ने भँगेरा ?

लुम्बिनी, २९ मङ्सिर

लुम्बिनी सांस्कृतिक नगरपालिकाका पूर्वप्रमुख मनमोहन चौधरी सानो हुँदा उहाँको घरको प्वालमा भँगेरा गुँड बनाएर बसेको सम्झिनु हुन्छ । करिब दुई सय ५० वर्ष पुरानो उनको घरको आँगनमा साना भँगेरा चिरबिर-चिरबिर गर्दै फुरुकफुरुक यताउति उफ्रिँदा उनलाई रमाइलो लाग्थ्यो ।सानो छँदा घरको आँगनमा भँगेरासँग खेलेको सम्झिँदै सम्मरीमाई-७ का ७५ वर्षीय झगरु मुरावले भन्छन्, आँगनमा दाना छरेर त्यही खाँचीमा किल्ली अड्काइ डोरीले बाँधेर राख्थ्यो । चरा खाँची तल पुगेपछि डोरी तान्थ्यो र ट्र्यापमा पार्दथ्यौँ । चरालाई समातेर केहीबेर खेली, छोडी दिन्थ्यौँ । खैरा, फुस्रा र केही सेतो रङ भएको एक सानो जातको चरा प्रजातिमा पर्ने भँगेराको आयु तीनदेखि पाँच वर्ष हुन्छ । यसको पखेटाको फैलावट २१ सेमी तथा लम्बाइ १२ देखि १८ सेमीसम्म हुन्छ । यसको गति र उडान क्षमता कम हुन्छ । यसको औसत वजन ४० ग्रामसम्म हुन्छ । भँगेरा निकै मायालु र मेहनती चरा हो, पक्षीविद् हेमसागर बरालले भन्छन्, यो चरा विशेषगरी घरका खटप्वाल तथा अन्य त्यस्तै सुरक्षितस्थलमा रहेका प्वालमा गुँड बनाई बस्दछ । पहिला मानव बस्ती वरिपरि टन्नै देखिने यो चराको सङ्ख्या पछिल्लो केही वर्षयता घटदै गएको छ । लुम्बिनीका पूर्वनगरप्रमुख चौधरीका अनुसार, पहिलेका घरको संरचना अहिलेको भन्दा भिन्न थियो । ढुङ्गा, माटो, काँचो इँटा र काठ आदिले बनेका हुन्थे । घरको वरिपरि प्वाल राखिन्थे, जसलाई भँगेराहरूले गुँड बनाउन प्रयोग गर्थे र बिहान बेलुको भँगेराको चिरबिर आवाज सुन्न पाइन्थ्यो ।

किसानको साथी भनेर चिनिने भँगेरा र मानव जीवनको अन्तरसम्बन्ध निकै पुरानो छ । भँगेराले कृषिलाई सहयोग पुर्‍याउँछ ।

पन्ध्र दिनको भएपछि भँगेराको बच्चाले किरा खान थाल्छ । तीमध्ये धेरै किरा बालीलाई नोक्सान गर्ने खालका हुन्छन्, नेपाल पक्षी संरक्षण सङ्घका परियोजना अधिकृत समेत रहेका नेपालीले भन्छन् ।

बढ्दो आधुनिकता, प्रदूषण र सुरक्षित बासस्थलको कमीले यसको जीवनचक्र नै सङ्कटमा परेको छ । भँगेराको सहअस्तित्वलाई स्वीकार गरेर यसलाई जोगाउनेतर्फ लाग्नुपर्नेमा उनको जोड छ । ध्वनि प्रदूषण, बासस्थलको अभाव, कृषिमा अत्यधिक किटनाशक औषधि र विषादीको प्रयोग आदिले पारिस्थितिकीय प्रणालीमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने भँगेराको सङ्ख्या घट्दै गइरहेको सामुदायिक विपद् व्यवस्थापन समिति राष्ट्रिय सञ्जाल नेपालका अध्यक्ष जगन्नाथप्रसाद कुर्मीले बताए । उनले भने , अहिलेका घरमा भँगेरालाई गुँड बनाउन पहिलेजस्तो प्वाल र सुविधा छैन । बिजुली बत्तीको झिलीमिली र रङरोगनको गन्धले पनि तिनलाई त्यहाँ बासस्थल बनाउन सहज छैन । गुँड बनाउन खरपातको अभाव, सहरीकरण र बढ्दो ध्वनि प्रदूषणले पनि तिनलाई असहज छ ।कुर्मी भन्छन्, किसानको साथी भनेर चिनिने भँगेरा चराले धान, चामल, गहुँ, घरको जुठ्यानमा रहेका खाना आदिका साथै अन्नबालीमा लाग्ने हानिकारक कीरा फट्याङ्ग्रा तथा लार्भा खाई कृषि उत्पादनसमेत बढाउन सहयोग गर्दछ । सम्मरीमाई-३ का ८० वर्षीय समाजसेवी रम्मा कुर्मी भन्छन्, एकदिन राति गाउँभरिका भँगेरा एक्कासी कराउँदै बाहिर आएँ, यति राति किन भँगेरा कराएको भनेर मानसि बाहिर निस्कँदा एकजनाको खलिहानमा आगो लागेको रहेछ, उनले सम्झिए , पछि सबै जना गएर आगो निभायौँ ।कोटहीमाई गाउँपालिकाका अध्यक्ष बालकृष्ण त्रिपाठीले भन्छन्, भँगेरा हाम्रा केही मान्यता र विश्वासका आधार पनि हुन् । भँगेराले कहिले पानीमा नुहाउँछ त कहिले धुलोमा । धुलोमा नुहाएको दिन पानी पर्ने र सात पाइला हिंडेको देखेमा अलच्छिना हुने जनविश्वास पनि छ । गाउँघर नजिकै विषालु सर्प, हिंस्रक जनावर वा दैवीय प्रकोप आदि आउँदा पनि भँगेराले कराएर सचेत गराउँछ भन्ने विश्वास गरिन्छ । हानिकारक किरा, फट्याङ्ग्रा, सडेगलेका अनाज आदि खाएर प्रकृति र वातावरणलाई सफा राख्ने भँगेरा संरक्षणमा सबै लाग्नुपर्ने उनको सुझाव छ ।मानव ढुङ्गेयुगबाट कृषियुगमा प्रवेश गर्‍यो त्यतिबेलादेखि नै भँगेरा र मानव जातिको सम्बन्ध नजिकिँदै गएको पक्षीविद् भुपाल नेपालीको भनाइ छ ।

उनी भन्छन् भँगेरा चराले हाम्रो घर तथा वरिपरि रहेका रुख, झाडी, करेसाबारी र बगैचा आदिमा बस्न रुचाउँछन् र त्यही गुँड बनाएर बच्चा पनि कोरल्छन् । अहिलेसम्म यसको सङ्ख्यात्मक तथ्य नभएको उहाँले बताए । नेपालमा हालसम्म आठ सय ९० बढी प्रजातिका चरा पाइन्छन् । तीमध्ये भँगेरा पनि एक प्रजाति हो ।नेपालमा घर भँगेरा, रुख भँगेरा, कैलो भँगेरा, पीत कण्डे भँगेरा र स्पेनिस भँगेराहरु पाइन्छन् ।

अन्य प्रजातिका भँगेराहरुले बाहिरै अन्यत्र स्थानमा बस्न मन पराउँछन् । हालसम्म विश्वमा ३२ प्रजातिका भँगेरा भेटिएको छ । पुरानो र परम्परागत भँगेरामैत्री घर नहुनु, रुख बिरुवा विनास हुनु, प्रदूषण, चेतनाको कमी, अहाराको कमी, बालीनालीमा प्रयोग हुने विषादी तथा यिनीहरुलाई संरक्षण गर्नुको सट्टा मार्ने, छोप्ने र शिकार गर्ने प्रबृत्तिले पनि यो चराको सङ्ख्यामा कमी आएको छ ।

पछिल्लो एक अध्ययनले मोवाइल फोन र यसको टावरको र्‍याडिएसनको कारणले भँगेरामा असर परेको पंक्षीविद् नेपालीको भनाइ छ ।

भँगेरा हाल विश्वबाट घट्दै गइरहेको अवस्थामा यसको महत्व र संरक्षण गर्न जरुरी छ । बेलायतमा भँगेरा संकटग्रस्त चरा हो । उहाँका अनुसार विश्वका करिब ८० प्रतिशत चराको सङ्ख्या घटेको तथ्याङ्क छ तर भँगेराबारे अनुमान मात्रै छ ।

भँगेरा संरक्षाण गर्ने उद्देश्यले प्रत्येक चैत ७ गते अर्थात् २० मार्चका दिन विश्व भँगेरा संरक्षण दिवस नेपाललगायत विश्वभर मनाइन्छ । यो दिवस सन् २०१० देखि विश्वव्यापी रुपमा मनाउन थालिएको छ भने नेपालमा सन् २०१२ देखि मनाउन थालिएको हो । नेपाल पक्षी संरक्षण सङ्घले विभिन्न सरकारी तथा गैरसरकारी सामाजिक सङ्घसंस्थाको सहकार्यमा भँगेरा पहिचान, गणना तथा विभिन्न चेतना अभिवृद्धिमूलक कार्यक्रम गर्दै नेपालमा यो दिवस मनाउने गरेको छ ।रासस

# कालीगण्डकी करिडोर निर्माण अघि बढ्यो

रामपुर , २९ मङ्सिर

विवादका कारण रोकिएको कालीगण्डकी करिडोर सडक निर्माण कार्य अघि बढेको छ । करिब तीन वर्षदेखि कालीगण्डकी करिडोर सडकअन्तर्गत पर्ने रामपुर नगरपालिका-५ स्थित मटेरी ठूलोटारमा स्थानीयको विवादले सडक निर्माण रोकिएको थियो ।

राष्ट्रिय गौरवको योजनाको रुपमा रहेको सो सडकसँग जोडिएका स्थानीयको विवादका कारण सडक निर्माणले गति लिन सकेको थिएन । सार्वजनिक जग्गा संरक्षण पक्ष र सो क्षेत्रमा घर जग्गा पर्ने पक्षबीच सडक निर्माणका विषयमा लामो समयदेखि विवाद बल्झिएको थियो । रामपुर नगरपालिकाको पहलमा अहिले सडक निर्माणको काम सुरु गरिएको छ । विभिन्न योजना सञ्चालनका क्रममा भएका अवरोध हटाउने सूचना जारी गरेको नगरपालिकाले अवरोध हटाउने र योजना सञ्चालन गर्न सहयोग गर्ने जिम्मा लिएसँगै विवादले रोकिएको सडक निर्माणको काम सुरु भएको हो ।

पिपलडाँडा-गैँडाकोट सडक योजनाअन्तर्गत विवादले रोकिएको मटेरी ठूलोटार क्षेत्रमा पर्ने चार सय ५० मिटर सडक ११ मिटर चौडाइ कालोपत्रसहित निर्माण कार्य हुने कालीगण्डकी करिडोर योजनाका इन्जिनियर विष्णुभट्टराई बताउछन् । स्थानीयको अवरोधका कारण रोकिएको सडक निर्माणका लागि स्थानीयबीच आपसी समझदारीमा काम गर्ने भनिए पनि त्यो हुन नसकेपछि नगरपालिकाको सहयोगमा करिडोर सडक योजनाले डिपिआरअनुसार नै काम गर्न सुरु गरेको उनले बताए । रामपुर नगरपालिका-२ भलायटारस्थित सडक निर्माण हुन सकेको छैन । सो सडकखण्डमा कालीगण्डकी करिडोर सडक योजनाको डिपिआरअनुसार नै निर्माण हुने उनले बताए । वर्षायाममा हिलो र हिउँदमा धुलाम्य सडकमा सर्वसाधारणले कष्टकर यात्रा गर्नुपर्ने समस्या रहेको स्थानीय युवा दीपेन्द्र भट्टराई बताउछन् ।

पानी परेपछि बाटो हिलाम्य भएर सडक वारपार गर्र्नै नसक्ने अवस्था थियो, मोटरसाइकल, स्कुटरबाट लडेर कतिपय घाइतेसमेत भएका छन्, विवादले रोकिएको सडक अहिले निर्माणको कामले स्थानीय उत्साहित भएका छन्, उनले भने ।

सडकसँग जोडिएका स्थानीयले उच्च अदालत तुलसीपुरमा रिट दायर गरेपछि आयोजनाको काम अगाडि बढ्न सकेन । रिट दायर पक्ष र रामपुर नगरपालिकाबीच छलफल हुँदा एक/दुई मिटर तलमाथि मिलाएर काम गर्ने सहमती भएपछि रिट दायर पक्षले निवेदन निकालेर काम गर्न खोज्दा सार्वजनिक जग्गा संरक्षणको पक्षमा रहेका स्थानीयले चउर मिच्न नपाइने भन्दै काम रोकिन पुगेको रामपुर-५ का वडाध्यक्ष दुर्गाप्रसाद पोखरेलले बताए सहमतिपश्चात् सडकको उत्तरतर्फको भागमा ९बस्ती बसोबास जोडिएको० नाली खन्ने काम गरियो, दक्षिणतर्फको भागमा ९सार्वजनिक चउर० खन्ने क्रममा स्थानीयबाट चउर मिचिने भयो भन्दै अवरोध भएपछि काम बन्द गर्नुपर्‍यो, पहिलाको सहमतिअनुसार काम नभएपछि मापदण्डअनुसार गत मङ्सिर २६ गतेदेखि सडक निर्माणको काम सुरु गरिएको छ, वडाध्यक्ष पोखरेलले भने ।

नगरपालिकाले सार्वजनिक जग्गा संरक्षण गर्दै राष्ट्रिय गौरवको आयोजनाबाट सुरु गर्ने र त्यसपश्चात् नगर गौरवका योजना, वडा गौरवमा योजना पर्ने सार्वजनिक जग्गा मिचेर बनाएका संरचना हटाउने नगर प्रमुख रमणबहादुर थापा बताउछन् ।

स्थानीयको विवादले लामो समयसम्म काम हुन सकेन, यात्रुले सास्ती खेप्नु परेको छ, उनले भने , नगरभित्रका सञ्चालित राष्ट्रिय गौरवका आयोजना, नगर गौरव र वडा गौरवका योजनामा परेका सार्वजनिक जग्गामा बनेका संरचना हटाएर काम गरिनेछ । योजना सञ्चालनमा बाधा पुर्‍याउने गरी सार्वजनिक स्थानमा निर्माण भएका अवैध संरचनासमेत हटाउने नगर प्रमुख थापाले बताउनुभयो । विवादले रोकिएको सडकमा यसभन्दा अघि पटकपटक स्थानीय तथा यात्रुले काम सुचारु गर्न स्थानीय सरकार, कालीगण्डकी करिडोर सडक योजनासमक्ष आग्रह गर्दै आएका थिए । केही व्यक्तिको अवरोधले गर्दा रामपुर क्षेत्रमा अधिकांश स्थानमा कालीगण्डकी करिडोरका काम सम्पन्न भइसक्दा मटेरी ठूलोटार र भलायटार क्षेत्रमा अलपत्र रहँदा सडक नै कुरुप बनेको छ । कालीगण्डकी करिडोर सडक निर्माणको योजनाले रामपुर क्षेत्रमा विकासको गति अगाडि बढाएको छ ।रासस

# धान बिक्री गर्न रातभर किसान खुला आकाशमुनि




भजनी, २९ मङ्सिर

कैलालीको जानकी गाउँपालिका-३ सुवर्णपुरका गर्भु चौधरी मङ्गलबार बिहानै खाद्य व्यवस्था तथा व्यापार कम्पनीको टीकापुर गोदाममा धान बिक्रीका लागि पुगेका थिए । सरकारले धानको समर्थन मूल्य तोकेको लामो समयपछि धान खरिद सुरु गरेपछि १६ बिघामा लगाएको धान बिक्रीका लागि गर्भु टीकापुर गोदाम पुगेका हुन । धान बिक्रीका लागि आउनुभएका उनी रातभर त्यहीँ बसे ।

लाइनमा बसेका गर्भुको बुधबार पनि पालो आएन । दुईवटा गोरु गाडामा धान ल्याएर आएको थिए । लाइन धेरै लामो रहेछ । उनले भने , असोजमा भित्र्याएको धान बिक्री गर्न निकै सास्ती छ । जानकी गाउँपालिका-७ का हिक्मतबहादुर चौधरी पनि धान बिक्री गर्नका लागि दुई रात बिक्री केन्द्रमै बस्नुपरेको बताउछन । बाह्र बिघा १० कट्टा क्षेत्रफलमा धान खेती गर्नुभएका उहाँले १० क्विन्टल धान अन्यत्र लगेर बिक्री गरिसकेका छन । घर खर्च टार्न र हिउँदे खेती गर्न मल खरिदका लागि सस्तोमा धान बिक्री गरेको उनले बताए । बजारमा प्रती क्विन्टल रु दुई हजार चार सयका दरले धान बेचेर घरको खर्च जोहो गर्नुपर्यो । बाँकी धान बिक्रीका लागि खाद्यको बिक्री केन्द्रमा ल्याएर आएको छु, चौधरीले भने , घरबाटै खाना ल्याएर यतै खाँदै बसेको छु । खुला आकाशमुनि चिसोमा पालो कुरेर बस्नुपरेको छ । टीकापुर नगरपालिका-१ का रामचरण चौधरी बुधबार मात्रै ट्र्याक्टरमा धान ल्याएर टीकापुर गोदाम पुगेका थिए । उनको पालो एक सय ७९औँ स्थानमा छ । उहाँलाई धान बिक्री गर्न तीन दिन यहीँ बस्नुपर्ने बाध्यता छ । धान बिक्री गर्न पालो कुर्नुपर्ने अवस्था छ । चिसो मौसममा खुला आकाशमुनि रात बिताउनुपर्ने बाध्यता छ। उनले भने , ठाँउठाउँमा काँटा लगाएर धान खरिद गर्ने व्यवस्था गरेको भए यस्तो समस्या पर्ने थिएन ।भजनी नगरपालिका-८ का सुरेन्द्र चौधरी पनि टीकापुर नगरपालिका-७ स्थित धान खरिद केन्द्र पुगेको दुई दिनपछि मात्र धान बिक्री गरे ।

कम्पनीले धान खरिद गर्न थालेपछि खरिद केन्द्रमा किसानको अत्यधिक भीड छ । दुई महिनासम्म खाद्यलाई पर्खेर बस्नुपर्यो । अहिले पनि धान बिक्री गर्न सकस छ, चौधरीले भने । दुईचार रुपैयाँ बढी पाइने आशाले बसेका किसानको धान बिक्री गर्नका लागि अहिले तछाडमछाड भएको छ ।भजनी नगरपालिका-८ का हरिकुमार चौधरी धान बिक्री गर्न खाद्यको खरिद केन्द्रमा गोरु गाडामा धान भरेर पुगे पनि बेच्न पाउनुभएन ।

बर्सातको समयमा आएको बाढीले क्षति पुर्‍याएको र धान सफा नभएको भन्दै उनको धान खरिद गर्न खाद्यले मानेन । राम्रो नभएको भन्दै मेरो धान खरिद गर्न खाद्यले मानेन । फिर्ता लिएर जाँदैछु, उनले भने , आजसम्म खाद्यको आशामा धान बजारमा बिक्री नगरेर बसे, अब बजारमा लिएर बिक्री गरेर घर जान्छु । धान बिक्रीका लागि खाद्यको खरिद केन्द्र पुगेका हरिकुमार जस्तै धेरै किसान खाद्यले धान खरिद गर्न नमानेपछि निरास भएर फर्किएका छन् । खाद्यले गुणस्तर हेरेर मात्रै धान खरिद गर्ने गरेको छ । पानीले नभिजेको, परालको टुक्रा, पोकटा नमिसिएको ताजा मोटा धान मात्र खरिद गर्न थालिएको छ ।

कम्पनीले जिल्लामा पाँच क्षेत्रबाट धान खरिद सुरु गरेको छ । टीकापुर नगरपालिकामा खाद्यको नगरपालिकाको वडा नं १ टीकापुर शाखा, वडा नं ७ सत्ती, धनगढी उपमहानगरपालिकाको मोहनपुर गोदाम, भजनी नगरपालिका र जोशीपुर गाउँपालिकाबाट धान खरिद थालिएको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनीले मोटा धानको न्यूनतम मूल्य प्रती क्विन्टल रु दुई हजार नौ सय ६७ र मध्यम धानको मूल्य रु तीन हजार एक सय २८ कायम गरेको छ । कात्तिकमै धानको समर्थन मूल्य निर्धारण गरिएको भए पनि धान खरिदको अधिकार नदिँदा खरिद प्रक्रिया सुरु हुन सकेको थिएन । कैलालीमा यस वर्षका लागि ४० हजार क्विन्टल धान खरिद गर्न केन्द्रबाट अनुमति प्राप्त भएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडकी सुदूरपश्चिम कार्यालय प्रमुख इन्जिला बस्नेतले जानकारी दिए । रासस

# जुम्ली स्याउलाई बजारीकरणको अभाव

जुम्ला, २९ मङ्सिर



बजारीकरण नहुँदा जुम्ली स्याउले उचित मूल्य पाउन सकेको छैन । अधिकांश स्याउ किसानले भदौ, असोज महिनामै बजारमा स्याउ बिक्रीका लागि लिने गरेका छन् । केही किसानले उचित मूल्य पाइने आशामा मङ्सिर र पुससम्म पनि स्याउ भण्डारण गरी राख्ने गरेका छन् । सिञ्जा गाउँपालिका-५ का रामसिंह रावलले दसैँमा नेपालगञ्ज लैजान टिपेर कार्टुनमा राखेका स्याउ ढुवानी गर्ने गाडी नपाउँदा बिक्री गर्न पाएको छैन । उनले भने , वर्षाले कर्णाली राजमार्ग बन्द भएपछि जुम्ला बजार ल्याउँदा पनि स्याउ बिक्री हुन सकेन । बजारीकरण गर्न नसक्दा नोक्सान बेहोर्नुपरेको रावलको भनाइ छ। जुम्ला विमानस्थलमा स्याउ बेच्न आएकी गेठीचौर गाउँपालिका-३ की उमादेवी अधिकारी बिक्री नहुँदा समस्या भएको बताउछन । उनले भने , स्याउ खरिद गर्नेको सङ्ख्या कम छ । घरबाट दुई घण्टा हिँडेर बजारमा स्याउ ल्याए पनि बिक्री नहुँदा फेरि भारी बोकेर फर्किन निकै कठिन हुन्छ ।

**स्याउ उत्पादन बढ्यो**

जुम्लामा यो वर्ष स्याउ उत्पादन बढेको छ । जिल्ला कृषि कार्यालय जुम्लाका प्रमुख गणेश अधिकारीले चालू आर्थिक वर्षमा १८ हजार मेट्रिक टन स्याउ उत्पादन भएको जानकारी दिए । गत आवमा १२ हजार मेट्रिक टन स्याउ उत्पादन भएको थियो । स्याउ उत्पादन बढे पनि किसानले उचित मूल्य नपाउँदा चिन्तित बनेका छन् । हाल उत्पादित १८ हजार मेट्रिक टनमध्ये नौ हजार मेट्रिक टन स्याउ नेपालगञ्जलगायतका बजारमा पठाइएको कार्यालय प्रमुख अधिकारीले जानकारी दिए । यसअघि व्यवसायीले प्रतिकिलो रु ५० देखि रु ५५ मा स्याउ खरिद गरी रु ६७ देखि रु ७० मा बिक्री गर्दै आएका थिए । तर अहिले किसान त्योभन्दा निकै कम मूल्यमा स्याउ बिक्री गर्न बाध्य भएको चन्दननाथ नगरपालिका-८ का स्याउ व्यापारी धर्मसिंह कठायतले बताए । जुम्लाको अर्गानिक स्याउ सुर्खेत, नेपालगञ्ज, दाङ, बुटवल, नारायणगढ र काठमाडौँसम्म पुगे पनि जुम्लीले उचित बजार मूल्य नपाएको यहाँका स्याउ किसानको गुनासो रहेको छ । मैले प्रतिकिलो रु ५० मा स्याउ किनेर ढुवानी खर्चसहित रु ६० मा नेपालगञ्ज पुर्‍याए । तर प्रतिकिलो रु ३० मा बिक्री गर्न बाध्य भएँ । कोहलपुरमा शीतभण्डार नहुँदा स्याउ सस्तो बेच्नुपर्ने बाध्यता आइलागेको कठायतको भनाइ छ ।रासस



प्रधानमन्त्री देउवासमक्ष प्रतिवेदन बुझाउँदै निर्वाचन आयोगका पदाधिकारी : प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन-२०७९ को निर्वाचन परिणाम सहितको प्रतिवेदन बुझाउने क्रममा निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियालगायत आयोगका पदाधिकारी। *तस्बिरः रोशन सापकोटा/रासस*

# राष्ट्रिय महासंघबीच समझदारीपत्रमा हस्ताक्षर

शिक्षाको पहुँच तथा गुणस्तर अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र गाउँपालिका राष्ट्रिय महासङ्घबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ । शिक्षा मन्त्रालयमा आज आयोजित विद्यालय शिक्षा क्षेत्र योजना (१० वर्षे विद्यालय सुधार योजना) को कार्यान्वयको सन्दर्भमा स्थानीय तहमा कार्यक्रम सञ्चालनका लागि समन्वय र सहजीकरणका लागि समझदारीपत्रमा हस्ताक्षर भएको हो । विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच, गुणस्तर र सान्दर्भिकता, समन्वय र सहकार्यमार्फत शैक्षिक सुशासन प्रवर्द्धन गर्ने उद्देश्यका साथ विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनलाई सुदृढ र प्रभावकारी बनाउन दुवै पक्षबीच समझदारीपत्रमा हस्ताक्षर भएको शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले जानकारी दिनुभयो । शैक्षिक नीति तथा कार्यक्रमलाई गाउँपालिकामा प्रभावकारीरूपमा कार्यान्वयन गरी सबै बालबालिकालाई गुणस्तरयुक्त विद्यालय शिक्षा उपलब्ध गराउने समझदारीपत्रको उद्देश्य हो, उहाँले भन्नुभयो, यसले मन्त्रालय र गाउँपालिकाबीचको सम्बन्ध थप नजिक हुने र संविधान कार्यान्वयनमा सहज हुने विश्वास लिएको छु । महासङ्घले विद्यालय शिक्षासँग सम्बन्धित राष्ट्रिय नीति, योजना तथा कार्यक्रम निर्माण प्रक्रियामा आवश्यकताअनुसार मन्त्रालयसँग समन्वय, राय, सल्लाह र सुझाव दिनेछ । समझदारी कार्यान्वयनको क्रममा समस्या आए दुवै पक्षले सहमतिबाट समस्याको समाधान गरी कार्यान्वयन गर्ने उल्लेख गरिएको छ । समझदारीको समयावधि आव २०८३/०८४ सम्म रहने मन्त्रालयले जनाएको छ । मन्त्रालयले गाउँपालिकाको शैक्षिक योजना निर्माण एवं कार्यान्वयनमा आवश्यक प्राविधिक सहायता उपलब्ध गराउने भएको छ । दीगो विकास लक्ष्य पञ्चवर्षीय योजना, सरकारका शैक्षिक नीति योजना तथा कार्यक्रम सम्बन्धमा गाउँपालिकाका निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासमा मन्त्रालयले काम गर्ने मन्त्रालयको शिक्षा सचिव रामकृष्ण सुवेदीले जानकारी दिनुभयो । विद्यालय तहको शिक्षाका सबै विषयमा छलफल गरी तिनमा गर्नुपर्ने सुधारलाई नियमित गर्न तथा गाउँपालिकामार्फत कार्यान्वयन हुने कार्यक्रमको नियमित प्रगति प्रतिवेदन प्राप्तिमा सहजीकरण हुने लक्ष्य रहेको छ । समझदारीपत्रमा मन्त्रालयका सहसचिव डा हरि लम्साल र गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेले हस्ताक्षर गर्नुभएको हो । रासस

# गौशालामा गाईको बिजोग

महोत्तरी, २९ मङ्सिर

संरक्षणको अभाबमा निगौल गाई गौशालामा रहेका गाईको अहिले बिजोग भएको छ । उचित सम्भार, खानपान र उपचारको अभावमा गौशाला नगरपालिका-३ नवराजपुर स्थित उक्त गौशालाका गाई धमाधम मर्न थालेका छन् ।

बढ्दो चिसोमा कुपोषणका कारण ब्याएका गाई पनि एकपछि अर्को ढल्न थालेका छन् ।

तीन दिन अघि मात्रै एक महिना अघि ब्याएको गाई खानै नपाएर मऱ्यो गौशालाको प्रशासन सम्हाल्ने खरिदार सुरेश सिंह भन्छन्, गौशालामै गाई खान नपाएर भकाभक मर्दैछन्, यहाँको बिजोगले कस्तो ठाउँमा काम गर्नुपरेछ भन्ने लागेको छ । खाए पनि नखाए पनि सुख्खा परालको भरमा गौशालाका गाई रहेका उहाँको भनाइ छ । गत साउनयता मात्रै ठूला र साना बाच्छाबाच्छीसहित ३८ वटा गाई मरिसकेका खरिदार सिंह उल्लेख गर्छन । राष्ट्रिय सहकारी विकास बोर्डअन्तर्गत रहेको यो गौशालाका गाई उचित रेखदेख, पौष्टिक आहार र उपचारसमेत नपाएर दुब्लो र ख्याउटे अवस्थामा पुगेका छन् ।

*न गाईलाई पर्याप्त आहार छ, न खानपानको व्यवस्थित तालिका नै, गोठ पनि के भनौं ?*

खोरमा थुनिएका छन् गौशाला हेर्न पुग्नुभएका बर्दिबास-१ का होटल व्यवसायी दीपेन्द्र पराजुली भन्छन, गौशालाका गाई कुनै मुद्दामा थुनिएका कैदीजस्ता भएका छन् । खानपानको प्रबन्ध र उपचार नपाएरै गाई जिङ्गाउँदै मर्ने क्रम बढेको छ ।

हामी केही साथी गौशाला हेर्ने रहरले एक महिना पहिले आएका थियौं, यहाँ त बिजोग पो रहेछ उनी बताउछन, गौशालाको राम्रो व्यवस्थापन नहुँदा गाइको कन्तविजोग देखियो ।

यस्तो अवस्था देखेपछि तत्कालै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिब नम्रता सिंहलाई भेटेर तत्काल आवश्यक पहल गर्न अनुरोध गरिएको पराजुलीको भनाइ छ । अहिले पनि गौशालामा करिब तीन सय गाई छन् ।

भङ्गाहा नगरपालिका-४ रामनगरका रामईश्वर ठाकुर भन्छन, सबैजसो गाईका हाडछालामात्र देखिन्छ ।

*पाल्नै नसकिने गरी सरकारले किन गौशालामा राखेर गाईको बिजोग देखाएको होला?*

यिनले हरियो घाँस नदेखेको महिनौं भयो होला, कर्मचारी त जागिर खानमात्रै यहाँ देखिने हुन्, गाईको बिजोग देख्दा मन थाम्न गारो पऱ्यो, गौशाला-४ रजखोरका सामाजिक कार्यकर्ता अजय कुशवाहा भन्छन, यो विजोग देख्नुभन्दा जङ्गल धपाइदिए भकाभक गाई मरेको त हेर्न पर्दैनथ्यो ।

गौशालाका कर्मचारी भने गाईको रेखदेख, खानपान र व्यवस्थापनका लागि बोर्ड उदासिन रहेको बताउँछन् ।

तालुक निकायले कुनै वास्ता नगर्दा के गरी धान्ने धान्ने भन्ने समस्या भएको गौशालाका निमित्त प्रमुख वीरबहादुर चौधरीको गुनासो छ ।गौशाला सञ्चालनका लागि एक सय ४८ बिघा जग्गा छ । उक्त जग्गामा घाँस र अन्य बाली व्यवस्थितरुपले लगाउन नसक्दा गाईलाई आहाराको अभाव भएको गौशालाबासी बताउँछन् ।

गाईकै खानपान प्रबन्धका लागि जग्गा हो नि, तर त्यो जग्गा खनजोत गर्ने, घाँस र अन्यबाली लगाउने गरेको देखिँदैन, अधिकांश जग्गा बाँझै छ, ।

रजखोर बस्तीका मनोज थापामगर भन्छन,विगतमा सम्पन्न मानिने गौशाला पछिल्ला केही दशकयता कर्मचारीको बेखबरपन,सरकारकोउदासिनता र स्थानीयतहको बेवास्ताले बिजोग हुन पुगेको हो । गौशालामा अहिले पनि ज्यादार ीसहित ३० कर्मचारी कार्यरत रहेका र तीमध्ये २६ जना त गोठालाकै दरबन्दीमा रहेका निमित्त प्रमुख चौधरी स्वीकार गर्छन । पालिएका कतिपय गाई थारै रहने क्रम बढेकाले यसको कारण बुझ्न विज्ञहरु आउनुपर्नेमा जोड दिंदै भेटेरेनरी जेटिसमेत हुनुभएका निमित्त कार्यालय प्रमुख चौधरी भन्छन, उपल्लो तहको बेवास्ताले आफूले पापको भारी बोक्नु परेको झैं लाग्दैछ ।

गौशालामा गतवर्ष त १८ वटा दूध दिने गाई थिए । पोहोर साल दूध बेचेर रु २२ लाखजति आम्दानी भएको खरिदार सिंह बताउछन ।

यसपाली दुहुना र नयाँ ब्याउने गाई नै भकाभक मर्नथालेपछि दूधको अनिकाल परेको उनको भनाइ छ ।

गाईकै आहाराको रु ४८ लाख ऋण तिर्न बाँकी रहँदा उधारो पत्याउन छाडकाले पौष्टिक आहार खुवाउन नसकिएको निमित्त प्रमुख चौधरी बताउछन । आफूले गत साउनमा निमित्त प्रमुखको जिम्मेवारी सम्हालेयता पटक-पटक विभिन्न निकायमा सम्पर्क गरेपनि कतैबाट सकारात्मक जवाफ नपाएको उनको गुनासो छ ।

गौशालाको जग्गामा पशुहाट लगाइने ठेक्काबाट २५ प्रतिशत रकम यस गौशालाले पाउने पूर्वसहमति भए पनि नगरपालिकाले रकम दिन आनाकानी गर्दै आएको गौशालाका कर्मचारी बताउँछन् । गौशालाको नाउँमा रहेको एक सय ४८ बिघा जग्गामध्ये भण्डै ५० बिघा जग्गा अतिक्रमण भइसकेको छ । अतिक्रमित जग्गामा अहिले थुप्रै घर ठडिएका छन् । अतिक्रमण रोक्न राजनीतिक तहबाटै पहल हुनपर्नेमा उल्टै अतिक्रमण गर्नेहरु नै राजनीतिक क्षेत्रबाट संरक्षित भएका स्थानीयवासी बताउँछन् ।

बाँकी रहेका जग्गामध्येमा १० बिघामा गाई गोठ, नौ/नौ बिघामा पोखरी, फूलबारी र करिब ५६/५७ बिघाजति खेतीयोग्य जग्गा छ । तीमध्ये २० बिघामा नियमित घाँसका लागि छुट्याइए पनि घाँस नलगाइँदा गाईले हरियो बस्तु खान नपाएको उनीहरुको भनाइ छ ।

गौशालाको जग्गामध्ये तीन बिघामा गौशाला नगरपालिकाले पशुहाट लगाउँदै हाटको निश्चित प्रतिशत आम्दानी गौशालाले नपाएको वर्षौ भइसकेको जनाइएको छ । स्थानीय सामाजिक कार्यकर्ता धनलाल साशङ्कर भन्छन, खटिएर आउने कर्मचारीमध्ये धेरैजसो गाईको संरक्षणभन्दा आफ्नै दुनो सोझ्याउन थाल्दा गाईको बिजोग भएको हो । यस्तो बेथिति अन्त्य गर्न सरकार तथा सम्बद्ध निकायले तत्काल पहल गर्नुपर्नेमा उनी जोड दिन्छन । रासस

# रौतहटबाट मापदण्ड मिच्दै पशु चौपाया ढुवानी



मुकेश कुमार साह

रौतहट, २९ मंसिर ।

व्यापारीले ढुवानी मापदण्ड मिचेर पशु चौपाया ओसारपोसार गर्ने गरेको पाईएको छ ।

ठूला ट्रक र साना भ्यानमा भैसिगाई लाई कोचेर ढुवानी गर्ने गरेका छन् ।

व्यापारीले नियम मिचेर मापदण्ड विपरीत पशु चौपाया ओसारपसार गरेको थाहापाए पनि भेटेनरी अस्पताल पशु सेवा केन्द्र रौतहटले बेवास्ता गर्दै आएको छ।

ट्राफिक प्रहरीले पटके जरिवानामात्र लिदैं आएको स्थानीयको गुनासो छ । रौतहटको सरुअठा ,राजपुरबाट ट्रकमा कोचेर यातनाखदिदै भैंसी पाडा काठमाडौ लैजाने गरिन्छ । कृषि ज्ञान केन्द्र गौरका प्रमुख राम दास ले व्यपारीलाई सम्झाए पनि अटेरी गरिरहेको बताए। उनले भने 'पशुलाई यातना दिएर लैजान मिल्दैन ।' जिल्ला ट्राफिक कार्यालयले त्यस्ता गाडीलाई १ हजार र १५ सय जरिवाना गरेर पठाउने गरेको छ ।

देशभित्र ओसारपसार गर्दा पशु चिकित्सकद्वारा स्वास्थ्य प्रमाण लिनुपर्छ । पशु दुवानी साधनमा आकस्मिक उपचारका लागि प्राथमिक उपचार सामग्री राख्नुपर्छ । हरेक गाडीमा पशु पठाउने र पाउनेको नाम, पशुको जातको विवरण प्रस्ट देखिने गरी राख्नु पर्ने व्यवस्था छ । व्यापारी मोहम्मद सफल पशु मापदण्डबारेमा आफूलाई जानकारी नै नभएको बताउँछन् ।

## प्रहरी सहित ६ घाइते..........................................................

कार्यालय महोत्तरीले जनाएको छ ।

घाइते हुनेहरुमा नेपाल प्रहरी सहायक हवलदार मुकेश प्रसाद यादव, शसस्त्र प्रहरीका जवान शिवसागर कुँवर, कमलेस प्रसाद यादव रहेका छन् भने रामगोपालपुर नगरपालिकाका नगर प्रहरी कृष्ण पण्डित, गंगाराम राय र सुरेश राय रहेका छन् भने घाइतेहरुको उपचार स्थानिय क्लिनिकमा भईरहको डिएसपी पोखरेलले बताएका छन ।

पंकजको परिवारले गेटमा ताला लगाएर घर नै छोडेर हिंडेपछि नेहाले उक्त घरमा प्रवेश पाउनुपर्ने माग गर्दै आन्दोलन सुरु गरेको आन्दोलनको नेतृत्व गरेकी निहारिकाको भनाई छ ।

## नेहा र निहारिकलाई कारवाही.................................................

अगुवाईमा रामगोपालपुर नगरपालिकामा भएको तोडफोड, आगजनी र दुगामुढाबाट सुरक्षाकर्मी, कर्मचारीहरुलाई घाईते समेत तुल्याएको घटना प्रति रामगोपालपुर नगरपालिकाका मेयर तथा प्रमुख प्रशासकिय अधिकृतको गम्भीर ध्यानकर्षण भएको विज्ञप्तिमा भनिएको छ ।

विज्ञप्तीमा महोत्तरी ९ महिना नेहा चौधरी र पंकज चौधरीबीच भएको विवाह पश्चात नेहालाई निजको श्रीमान पंकजले शारीरीक यातना, पटक पटक कुटपिट गरेको तथा घरवाट निकालेको विषयवारे जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा मुद्दा दायर भै सो मुद्दा छिनोफानोको लागि प्रकृयामा रहेको तथा यस नगरपालिका कार्यालयको न्यायीक समितिमा उक्त घटनावारे लिखित उजुरी नआएको अवस्थामा नेहा र निहारीकाको अगुवाईमा विभिन्न ठाँउहरुबाट सयौंको संख्यामा उच्चश्रृंखल युवाहरुको जमातले मंसीर २८ र २९ गते रामगोपालपुर नगरपालिकाको प्रशासनिक भवनमा तोडफोड, आगजानी र ढुंगामुढा गरी सुरक्षाकर्मी सहित कर्मचारी घाइते बनाएको छ । सो क्रममा नगर प्रहरी हबल्दार किशन मण्डलको हात भाचिएको तथा करिब ५ लाख बराबरको क्षति पुऱ्याएको हुँदा सरकारी कार्यालयमा तोडफोड र आगजनी जस्ता अराजक घटना प्रति खेद प्रकट गर्दै घटनामा संलग्न नेहा चौधरी, निहारीका राजपुत लगायत पक्राउ गरी नुक्सानको मुअब्जा असुल उपर सहित दोषीहरुलाई कडा भन्दा कडा कारवाही गर्न माग गरिएको छ । मेयर साहले नेहा र निहारिका विरुद्ध कारवाहीको माग गर्दै प्रमुख जिल्ला अधिकारी समक्ष उजुरी समेत दिएका छन ।

## बढ्यो संघीयता विरोधी जनमत.......................

बहुमत छैन। सम्भवत यो चुनावी पद्धतिले बहुमत आउन निकै कठिन पर्छ। आम जनताले स्थायी सरकार खोजेको छन यदि त्यो जतिसुकै पाटी मिलेर बनोस यो प्रतिनिधिसभाको कार्यकाल सामान्य छैन । यसले राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुख चयन गर्दछ जसको पाँच वर्ष कार्यकाल हुनेछ। त्यसैगरी सात प्रदेशमा पनि। अव फेरी अंशबन्डामा राजनैतिक दलले झगडा गर्ने हो भने जनताले माफ गर्ने छैनन राजनैतिक दलको २०६२र०६३ को आन्दोलन पश्चातको मतलाई हेर्ने हो भने निरन्तर घट् दो छ। यसको प्रमुख कारण पुरानै नेता पुरानै सोच वा वैज्ञानिकता पटकै नहुनु हो । विगतको प्रतिनिधि सभा दुई पटक विघटन भयो विघटन पछि राजनैतिक दलहरू आफ्ना अनुकुल संविधानको व्याख्या गर्न लागे, जुन संविधान आफैले बनाएका थिए। आम जनताले कुन दलले गल्ती गर्यो भन्दा पनि सबै नेता र राजनैतिक दललाई एउटै शिराबाट हेरे र सबैलाई समान दोष दिए ।

अब बन्ने सरकार जस्तो होस तर छिटो होस राम्रा मानिस हुन गन्हाएका नहुनु पुनः झगडामा लागे आम सर्वसाधारणमा दल प्रतिको मोह झन कम हुन थाल्छ। एउटा सिट भएको पाटीलाई मन्त्री दिनुभन्दा ठूला दुई दल कांग्रेस र एमाले मिलेर सरकार बनाए केही हद सम्म राजनैतिक स्थायित्व हुन्थ्यो की ?

यो संविधानमा सबै पक्ष समेट्नका लागि समानुपातिकको व्यवस्था गरेको छ। तर ती पदहरू आफ्ना नाता गोता, पहुँच र पैसावालाले प्रतिनिधित्व गरेको पाइन्छ। यी गलत प्रकृतिका कारण दलहरूले पाउने मत घट्दो छ। अहिले हेर्दा एमाले करिब ३२ लाख कांग्रेस ३१ लाख छ। हालको चुनावमा आफ्ना विदेशमा बस्ने आफन्तले नयाँ उम्मेदवारलाई मतदान गराउन ठुलो भूमिका खेले । यदि दलहरू नसच्चिने हो भने करिब ४५ लाख नेपाली विदेशमा छन ती आएर दलहरूको विरुद्धमा मतदान गरेभने दलको अवस्था र संघीय लोकतान्त्रीक गणतन्त्र के हुन्छ ? अझ पनि नेताहरू नसच्चिने हो भने त्यो अवस्था आउन सक्दैन र ?

श्रोतः आइएनएस स्वतन्त्र समाचार

# जाडोले जनजीवन प्रभावित



जलेश्वर, २९ मङ्सिर

महोत्तरीलगायत तराईका जिल्लामा जाडो बढेपछि जनजीवन प्रभावित भएको छ । विगत चार/पाँचदिनदेखि लगातारको शीतलहर, चिसो कठ्याङ्ग्रिदो हावा, हुस्सु र बाक्लो कुहिरोका महोत्तर जनजीवनका साथै पशुपक्षी तथा बालीनालीसमेत प्रभावित भएका छन् । चिसोकै कारण अहिले जिल्ला सदरमुकाम जलेश्वरसहित जिल्लाको सहरी तथा ग्रामीण भेगमा मानिसको चहलपहलमा कमी आएको छ । जाडो बढेसँगै बजारमा न्यायो कपडाको बिक्री पनि बढेको छ भने हाटबजारमा मानिसको उपस्थिति कम हुन थालेको छ ।

चिसोको कारण बालबालिका, वृद्धवृद्धा र सुत्केरी महिलामा रुखाखोकी, ज्वरो, दम, हातगोडा सुनिने, दुख्ने लगायतका समस्या देखिएको जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीका प्रमुख डा सतिशकुमार साहले बताए । दशक नगरपालिका र पाँच गाउँपालिका रहेको महोत्तरीको ग्रामिण क्षेत्रमा जाडोबाट बच्नका लागि स्थानीयले आगो बालेर ताप्न थालेका छन् । जाडोकै कारण ग्रामीण भेगमा पशुपन्छी तथा दलहन, तेलहन र तरकारी बालीमा असर परेको जलेश्वर नगरपालिका-८ का किसान आशनारायण मण्डलले बताए ।रासस

# अध्यादेश जारी नगर्न माग गर्दै परेको रिट सर्वोच्चबाट दरपीठ

मधेशदृष्टि

काठमाडौं, मंसिर २९ । फौजदारी कार्यविधि संहिता संशोधन गर्न सरकारले ल्याउन लागेको अध्यादेश प्रमाणीकरण नगर्न राष्ट्रपति कार्यालयको नाममा आदेश माग गर्दै पेश भएको रिट सर्वोच्च अदालतले दरपीठ गरेको छ ।

अधिवक्ता कपिलदेव ढकालले हाल राष्ट्रपति कार्यालयमा रहेको अध्यादेश राष्ट्रपतिले जारी गर्न सक्ने भन्दै जारी नगर्न राष्ट्रपति कार्यालयको नाममा प्रतिषेध समेतको आदेश जारी गर्न माग गरेका थिए ।

तर सर्वोच्च अदालत प्रशासनले राष्ट्रपतिबाट प्रमाणीकरण नभएसम्म अध्यादेशले कानुनको रुप धारण नगर्ने भन्दै जारी नभई उक्त अध्यादेशको संवैधानिकता परीक्षण गर्न नसक्ने उल्लेख गरी दरपीठ गरिदिएको छ ।

'नेपालको संविधानको धारा १३३ (१) तथा १३७ (२) बमोजिम कानुनको नै संवैधानिकता परीक्षण गर्न सक्ने यस अदालतमा अध्यादेश जारी नहुँदै रोकिपाउँ भनी आशंकाका भरमा रिट निवेदन लिइ आएको देखिँदा अपरिपक्व अवस्थामा दर्ता हुन आएको रिट निवेदन दर्ता गर्न मिलेन' दरपीठ आदेशमा उल्लेख छ ।

सरकारले राजनीतिक आन्दोलनमा रहेका र शान्तिपूर्ण राजनीतिमा आउन सरकारसँग सम्झौता गरेका समूहको मुद्दा जुनसुकै अदालतमा रहे पनि फिर्ता लिन सक्ने गरी अध्यादेशमार्फत मुलुकी फौजदारी कार्यविधि संहिता संशोधन गर्न लागेको हो । हाल राष्ट्रपति कार्यालयमा रहेको अध्यादेश जारी भए टीकापुर घटनामा जन्मकैदको सजाय पाएका रेशम चौधरी तथा विभिन्न मुद्दा खेपिरहेका विप्लव समूह र जनमत पार्टीका कार्यकर्ता रिहा हुन सक्ने छन् ।



यो हवाई दृश्यले डिसेम्बर १४, २०२२ मा कोलम्बिया र भेनेजुएलाको कुकुटामा रहेको कोलम्बिया र भेनेजुएला बीचको सिमानामा रहेको “टिएन्डिटा“ अन्तर्राष्ट्रिय पुलमा कन्टेनरहरू हटाउँदै भेनेजुएलाका राज्यका कामदारहरू देखाउँछन् । - भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरोले डिसेम्बर १२ मा आफ्नो देशले आफ्नो भूमि पूर्ण रूपमा खोल्ने बताएका छन्। जनवरी १, २०२३ मा कोलम्बियासँग सीमाना, दुई दक्षिण अमेरिकी छिमेकीहरूले कूटनीतिक सम्बन्ध पुनः स्थापना गर्न सेप्टेम्बरमा सुरु भएको वार्ता प्रक्रिया पूरा गर्दै ।

*तस्बिर एडिन्सन एस्टुपिनन⁄एएफपी*

# पर्वतमा खेल मैदान अभाव

कुश्मा, २९ मङ्सिर
पर्वतको खेल क्षेत्र प्रवर्द्धन गर्न खेल मैदानको अभाव भएको छ । खेलाडीहरुका अनुसार पछिल्लो समय मैदान नहुँदा जिल्लाको खेलक्षेत्र समेत ओझेलमा परेको छ । २० वर्ष अघि बडगाउँचौरमा धौलागिरिस्तरीय खेल हप्तैपिच्छे जस्तो हुने गर्थ्यो, पूर्वफुटबल खेलाडी राजन गुरुङले भने , अहिले टोलस्तरीय खेलसमेत हुन छाडिसकेको अवस्था छ । मापदण्डअनुसारको खेल मैदान नहुँदा एन्फाले दिने विभिन्न सेवासुविधाबाट फुटबल खेलाडी वञ्चितीमा पर्दै आएका छन् । अहिले सशस्त्र प्रहरीको ब्यारेक रहेको ८४ रोपनीको बडगाउँ खेल मैदानमा फुटबल, भलिबल, ह्याण्डबल, टेबल टेनिस, तेक्वान्दो, कराँते, हाइजम्प, लङजम्प, दौडलगायत खेलका खेलाडी दिनरात खेल मैदानमा भेटिन्थे । विसं २०५४ तिर हुनुपर्छ, यही बडगाउँ चौरमा पहिलो पटक अन्तर्राष्ट्रिय कराँते प्रतियोगिता भएको थियो, मैले गोल्ड मेडल जितेको थिएँ । ४५ वर्षका खेलाडी नरेश श्रेष्ठले भने , अन्य जिल्ला पुग्दा पर्वतको खेलाडी भनेपछि बेग्लै सम्मानले हेर्ने गरिन्थ्यो । अहिले खेलाडी पाउनै मुस्लि देखिएको छ । अर्का कराँते प्रशिक्षक तथा कराँते महासङ्घ पर्वतका संयोजक राम श्रेष्ठले द्वन्द्वकालीन अवस्था र खेल मैदानको अभावले गर्दा पर्वत खेलकुदमा २० वर्ष पछाडि परेको बताए । सदरमुकाम कुश्मा खेलाडीको केन्द्र जस्तै थियो, फरक खेलका खेलाडी जम्काभेट हुन्थ्यो, उनले पुरानो दिन सम्झँदै भने , हामीले पनि बडगाउँ खेल मैदानमा कराँते सिकेका हौँ, त्योबेला बेग्लै जोश थियो, राष्ट्रका लागि खेल्नुपर्छ भन्ने हुटहुटी थियो । पछिल्ला दिनमा खेलाडीको खेलप्रति खासै उत्साह र चासो देख्दिन । सशस्त्रको छेउमै खेलकुदलाई भनेर जग्गा छुट्याइएको भए पनि त्यो पर्याप्त नभएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष हर्कमान गुरुङले बताए । उनका अनुसार खेलकुदलाई भनेर दिइएको जग्गा पनि विभिन्न सङ्घसंस्थाको नाममा रहेको छ । हाम्रो खेल मैदान सानो र बर्खामा हिलाम्मे हुँदा खेलकुद प्रतियोगिता गर्न समस्या हुने भएकाले केही महिनाअघिको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सशस्त्र प्रहरीको गण भित्रै सम्पन्न गर्‍यौं, अध्यक्ष गुरुङले भने , जग्गा पनि हाम्रो नाममा छैन भोलि निकलेर जा भन्यो भने हट्नुपर्ने अवस्था छ ।

पर्वतको खेल क्षेत्र सुस्ताउँदा युवा लागुऔषधको कूलततर्फ फसिरहेको स्थानीय युवा नरेन्द्र केसीले बताए । कुश्माका युवा पनि लागुऔषधमा फसिरहेका छन्, उनीहरुलाई खेलकुदमा जोड्न सकिएको छैन, उनले भने , खेलकुदले नै युवालाई सही बाटो हिँड्न सघाउने भएको हुँदा अब राज्यले सशस्त्रलाई दिएको खेल मैदान फिर्ता गर्नुपर्छ । युवाले आफ्नै खेल मैदानमा खेल खेल्न पाउनुपर्छ ।खेल मैदानको अभावमा धेरै युवा कोठाभित्रै मोबाइलमा गेम खेलेर बस्ने अवस्था रहेको क्रिकेट खेलाडी सुरेन श्रेष्ठले बताए । उनले भने , खेल मैदान त छ, तर सानो । सेभेन ए साइड फुटबल खेल्न पनि नमिल्ने खालको । क्रिकेट खेल्नका लागि छिमेकी जिल्ला बागलुङ जानुपर्छ । उनले सशस्त्र बसेको खेलकुद मैदानमा आफूहरुलाई जतिबेला पनि निर्धक्कले खेल्न दिने वातावरण मिलाइदिन माग गरे । सो खेल मैदान २०६१ सालमा आफूहरुले खेलकुद विकास समितिमार्फत रु २५ लाखमा खरिद गरेको सशस्त्र प्रहरीको भनाइ छ । मन्त्रिपरिषद्को निर्णय भएर जग्गा हाम्रो नाममा आएको हो, सशस्त्र प्रहरी बल चण्डिका गण पर्वतका गणपति सशस्त्र प्रहरी नायब उपरीक्षक नरेन्द्र बमले भने , खेल खेल्नका लागि हामीले रोकेका छैनौँ, अनुशासित भएर खेल खेल्दा हुन्छ । विगतमा पनि विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न दिएका थियौँ, रोकावट गरेका छैनौँ ।
रासस




# बिहारमा विषाक्त रक्सी खांदा ४० जनाको मृत्यु, २२ जनाको अवस्था गम्भीर

## मुख्यमन्त्रीको राजीनामा माग,संसदमा हंगामा

मधेशदृष्टि
जनकपुरधाम,मंसिर २९
मदिरामाथि प्रतिबन्ध लगाएको बिहारमा मदिराका कारण फेरि ४० जनाको मृत्यु भएको छ । विषाक्त मदिराले मृत्यु भएको आफन्तले दाबी गरिरहेका छन् भने प्रशासनले भने यसबारे केही बोलेको छैन । यस पटक घटना सारण जिल्लाको इसुपुर थाना क्षेत्र अन्तर्गत डोइला गाउँमा भएको हो । प्रतिबन्धित राज्य बिहारमा नक्कली मदिरा सेवनबाट कम्तीमा ३० जनाको ज्यान गएको छ । २५ भन्दा बढीको अवस्था चिन्ताजनक छ । सोही वर्ष अन्य दुई घटनामा नक्कली मदिरा सेवनबाट झण्डै ५० जनाको मृत्यु भएको थियो । बुधबार विधानसभामा विपक्षीहरूले यसबारे प्रश्न गर्दा मुख्यमन्त्री नितिश कुमार आक्रोशित भए र यसलाई नष्ट गर्ने धम्कीसमेत दिए।जानकारी अनुसार मंगलबार सारण जिल्लाको अमनौर मसरख, इसुयापुर र मरौढा ब्लकका विभिन्न क्षेत्रमा नक्कली मदिराको खेप आइपुगेको थियो । कम्तीमा १०० जनाले रक्सी पिए । त्यसको लगत्तै धेरैलाई बान्ता र पखाला लाग्न थाल्यो । कतिपयको तत्कालै मृत्यु समेत भएको छ । धेरैले आँखाको ज्योति गुमाए । घाइतेलाई जिल्ला सदरमुकाम छपरास्थित सिभिल अस्पताल लगिएको छ । बुधबारसम्म एकपछि अर्को गरी मृत्यु हुने गरेको छ ।अस्पतालमा भर्ना भएका धेरैको अवस्था चिन्ताजनक रहेकाले मृतकको संख्या बढ्न सक्ने अनुमान गरिएको छ । एडीजी हेडक्वार्टर जितेन्द्र सिंह गंगवारले अहिलेसम्म २७ जनालाई पक्राउ गरिएको जानकारी दिए । यसैबीच जनताले प्रशासनले पीडितलाई लुकाएर धम्की दिएको आरोप लगाएका छन् ।मृत्यु हुनेमा डोइलाका ४५ वर्षीय सञ्जय सिंह (बुवा- वकिल सिंह), ४६ वर्षीय विजेन्द्र यादव (बुवा- नरसिंह राई), ३८ वर्षीय अमित रञ्जन (बुवा- द्विजेन्द्र सिन्हा) र ३८ वर्षीया रहेका छन् । मशरख थाना क्षेत्रका वर्षीय कुणाल सिंह (बुवा- यदु), सिंह), हरेन्द्र राम (बुवा- गणेश राम), छछ वर्षीय रामजी साह (बुवा- गोपाल साह), घण वर्षीय मुकेश शर्मा ( बुवा- बच्च शर्मा), मंगल राई (बुवा- गुलराज राई), ४२ वर्षीय नासिर हुसेन (बुवा- समसुद्दीन), ४३ वर्षीय जयदेव सिंह (बुवा- बिन्द सिंह), ४२ वर्षीय रमेश राम बुवा- कन्हैया राम) र ४८ वर्षीय चन्द्रमा राम (हेमराज राम), अजय गिरी (बुवा- सुरज गिरी), भरत राम (बुवा- मोहर राम), मनोज राम (बुवा- लालबाबु राम), गोविन्द राई (बुवा- घिनवान राई), ५५ वर्षीय लालन राम (बुवा- करिमान राम), ललन राम (बुवा- करीमान राम), प्रेमचन्द साह (बुवा- मुनिलाल साह), दिनेश ठाकुर (बुवा- अशरफी ठाकुर) महुली इसुपुर, शैलेन्द्र राई (बुवा- दीनानाथ राई) बहरौली र १६ वर्षीय मधौरा प्रहरी चौकी इलाकाका विक्की महतो सामेल छन् । मंगलबार रातिदेखि बुधबार दिउँसोसम्म यी मृत्यु भएका हुन् । स्थानीय तहमा उपचार गराइरहेका अन्य चार जनाको अवस्था भने गम्भीर रहेको छ ।



मदिरा निषेधलाई लिएर संसदमा हंगामा नितिश कुमारको आक्रोश फेरि एकपटक बाहिर आयो र त्यो पनि सदनको सत्रमा। सारणमा नक्कली मदिराले मृत्यु भएको भन्दै विपक्षी दलका केही सांसदले सरकारलाई घेराबन्दी गरेका थिए । उनीहरुले निषेधाज्ञालाई असफल भनेका छन् । उनीहरुले मुख्यमन्त्रीको राजीनामा माग गरेका छन् । यो कुरामा नितिश रिसाए । बीजेपी सदस्यमा औंला औंल्याउदै उनले भने, “हामी त्यसबेला निषेधको पक्षमा थियौं। तिमीलाई के भयो, हे ए... तिमी बोल्दैछौ? यसको मतलब तपाईंहरू नै गडबड गर्नेहरू हुनुहुन्छ ।“ मुख्यमन्त्रीको यस प्रकारको आक्रोशका कारण भाजपा पनि मिश्रित मुडमा आएको छ । विधानसभामा विपक्षी दलका नेता विजय कुमार सिन्हाले विधान सभाको कार्यवाहीबाट विपक्षी नेताको शब्द हटाउने र भाजपाका विधायकहरूसँग मुख्यमन्त्रीले अपमानजनक भाषाको प्रयोग सहने छैन भने। उनले सभामुखलाई मुख्यमन्त्री नितिश कुमारलाई माफी माग्न आग्रह गरे बिहारमा ११ डिसेम्बरबाट व्यवस्थापिकाको हिउँदे अधिवेशन सुरु हुँदैछ । यसैबीच, एकातिर मुख्यमन्त्रीले तेजस्वी यादवलाई २०२५ को लागि महागठबन्धनको नेता घोषणा गरेका छन् भने अर्कोतर्फ बिहारमा अपराध बढेको भन्दै प्रतिपक्षले सरकारलाई घेराबन्दी गरिरहेको छ । सरणमा नक्कली मदिरा सेवनबाट भएको मृत्युलाई लिएर विपक्षीले सीधै मुख्यमन्त्रीको राजीनामा माग गरेका छन् ।



# विश्वकप उपाधिका लागि अर्जेन्टिना र फ्रान्स भिड्ने



काठमाडौँ, २९ मङ्सिर
विश्वकप फुटबल प्रतियोगिताको उपाधिका लागि अर्जेन्टिना र फ्रान्स भिड्ने भएका छन् । गए राति भएको सेमिफाइनलमा मोरक्कोलाई पराजित गरेपछि फ्रान्सले अर्जेन्टिनासितको उपाधि भिडन्त पक्का गरेको हो ।

कतारको दोहास्थित अल बायत रङ्गशालामा भएको दोस्रो सेमिफाइनल खेलमा फ्रान्सले मोरक्कोलाई २-० गोलअन्तरले हराएको हो । फ्रान्सले खेलको पहिलो हाफमा एक गोल गर्यो भने दोस्रो हाफमा थप एक गोल गर्दै फाइनलका लागि स्थान सुरक्षित गरेको हो । फ्रान्सका लागि थिओ हर्नान्डेज र रान्दल कोलो मुवानीले गोल गरेका थिए । हर्नान्डेजले खेलको पाँचौँ मिनेटमा गोल गर्दै फ्रान्सलाई अग्रता दिलाएका थिए । उनले पेनाल्टी क्षेत्रभित्र रिबाउन्डबाट आएको बलको सदुपयोग गर्दै गोल गरेका थिए ।

त्यस्तै खेलको ७९औं मिनेटमा सब्सिच्युड खेलाडीको रुपमा मैदान प्रवेश गरेका मुवानीले गोल गर्दै फ्रान्सलाई २-० को जित दिलाए । उनले बेन्चबाट मैदान छिरेको एक मिनेट नबित्दै गोल गरेका थिए । उनी ओसुमाने डेम्बेलेको स्थानमा मैदान प्रवेश गरेका थिए । यसअघि फ्रान्स क्वाटरफाइनलमा इङ्गल्यान्डलाई २-१ गोलले हराउँदै सेमिफाइनल प्रवेश गरेको थियो । त्यस्तै पहिलोपटक सेमिफाइनलमा पुगेको अफ्रिकी राष्ट्र मोरक्कोले क्वाटरफाइनलमा पोर्चुगललाई १-० गोलले हराएको थियो । यसअघि अर्जेन्टिनाले सेमिफाइनलमा क्रोएसियालाई ३-० गोलअन्तरले हराएर फाइनल यात्रा तय गरेको हो । फाइनल खेल आइतबार हुनेछ ।
रासस



पुर्व प्रधान न्यायाधीशः दामोदरप्रसाद शर्माको अवकाश पछिको जीवन शैली, आखिर जिवन जसरी पनि चल्दो रैछ त है !!!

*(तस्बिर : सामाजिक संजालबाट )*

### ३० करोडको टेण्डरमा एउटामात्र कम्पनी

# एमआरआई मेसिनमा अनियमितताको आशंका

मधेशदृष्टि
वीरगन्ज, मंसिर २९।

वीरगन्ज स्थित नारायणी अस्पतालले झन्डै ३० करोड रुपैयामा चिनियाँ कम्पनीको एमआरआई मेसिन खरिद गरेको छ।

टेन्डरमा एउटामात्र कम्पनीले निवेदन दिए पनि त्यसलाई स्वीकार गरिएको भन्दै टेण्डरमा कमिशनको खेल रहेको कुरा सार्वजनिक भएको छ ।यता एमआरआई मेसिन खरिद प्रक्रियाको सबै काम स्वास्थ्य मन्त्रालयले नै गरेको अस्पताल प्रशासनले दावी गरेको छ ।

नारायणी अस्पतालले ३० करोड रुपैयामा चाइनिज उत्पादक कम्पनी युनाइटेड इमेजिसन हेल्थकेयर प्रालिले उत्पादन गरेको एमआरआइ मेसिन खरिद गरेको थियो । अस्पतालका सूचना अधिकारी डाक्टर उदयनारायण सिंहले एमआरआइ मेसीनको प्राविधिक स्पेसिफिकेसन बनाउने देखि टेण्डर स्वीकृत गर्ने सम्मको सम्पूर्ण काम मन्त्रालयले नै गरेकोले आफुहरुको भूमीका त्यसमा नभएको बताउँछन् । मन्त्रालय आफैले विज्ञ राखेर प्राविधिक स्पेसिफिकेसन बनाएर पठाएपछि सोकै आधारमा अस्पताल प्रशासनले एमआरआइ मेसीन खरिदका लागि २०७८ माघमा ई-टेण्डर र राष्ट्रिय पत्रिका मार्फत आह्वान गरेको अस्पतालका जिन्सी शाखा प्रमुख सुशील यादवले बताए ।

टेण्डर आह्वान पछि काठमाण्डौको लुम्बिनी हेल्थ केयर प्रालिको मात्रै आवेदन परेको थियो ।

अस्पतालले टेण्डर स्वीकृती गर्ने जिम्मा पनि आफुले नगरि मन्त्रालयलाई नै जिम्मा दिएको र मन्त्रालयले नै त्यो स्वीकृत गरेको अस्पतालका सुचना अधिकारी सिंहले बताउँछन् । मेसिन खरिदमा अनियमितता भए त्यसको जिम्मा पनि मन्त्रालयले नै लिनु पर्ने नारायणी अस्पतालका चिकित्सक तथा कर्मचारीहरु बताउँछन ।

# प्रदेशसभा सदस्य साहद्वारा करोडको जग्गा दान

मुकेश कुमार साह
रौतहट २९,मंसिर

मधेस प्रदेशसभा सदस्य शोभादेवी साहले एक करोड रुपैया को जग्गा ईशनाथ नगरपालिकालाई दान गर्ने घोषणा गरेकी छन् ।

ईशनाथ नगरपालिकालाई वडा कार्यालय र स्वास्थ्य चौकी बनाउन दुई कट्ठा १६ धुर जग्गा दान दिने घोषणा गरेकी हुन। ईशनाथ नगरपालिका वडा नम्बर २ औरैयाका स्थानियले आयोजना गरेको स्वागत तथा सम्मान कार्यक्रममा उनले सो घोषणा गरेकी हुन्।



जनता समाजवादी पार्टीका तर्फबाट समानुपातिकमा निर्वाचित भएपछि पहिलो पटक आफ्नो गाउँ पुगेर करिव एक करोड रुपैया मोल पर्ने जग्गा निशुल्क दिने घोषणा गरेपछि स्थानिय हर्षित भएको वडा न.२ का अध्यक्ष धर्मेन्द्र साहले बताए । सो वडा कार्यालय बनाउन चालु आर्थिक वर्षमा ४० लाख बजेट राखेको वडा अध्यक्ष साहले जानकारी दिए । ईसनाथ नगरपालिका वडा नम्बर २ औरैया गाउंको विचमा रहेको सो जग्गा तर्फ ईसारा गर्दै प्रदेश सदस्य साह यसमा वडा कार्यालय र अस्पताल वनउन आफुले बजेट पनि व्यवस्था गर्ने प्रतिवद्वता गरे । मधेश प्रदेश सदस्य शोभादेवी साहका पति रामायण साह तथा उनका दाजु राज हरण साह , वैकुण्ठ साह र शिवजी साहको नाममा रहेको सो जग्गा एक हप्ता भित्रमा वडा कार्यालयको नाममा पास गरि भवन वनाउन शुरु हुने प्रदेश सभा सदस्य साहले बताए ।

सो कार्यक्रममाजनता समाजवादी पार्टीका केन्द्रीय सदस्य तथा पुर्व प्रदेश सदस्य रामकिशोर यादव ,केन्द्रीय सदस्य विवेक यादव जनता समाजवादी पार्टीका महमदकलाम लगायतका नेताले सो जग्गादान गर्ने कार्यको सराहना गरेका छन् ।

### १३ औं पुण्यतिथिमा

# भट्टराईलाई श्रद्धान्जली

विनय कर्ण
सप्तरी, २८ मंसिर ।

नेपाल पत्रकार महासंघ शाखा सप्तरीले मिडिया काउन्सिलका अध्यक्ष एवं बरिष्ठ पत्रकार स्व. शिवहरी प्रसाद भट्टराईको १३ औं दिनको पुण्य तिथिमा श्रद्धान्जली सभा गरेको छ ।





राजविराज स्थित महासंघको सभाहलमा बिहीबार आयोजित श्रद्धान्जली सभामा भट्टराईको पत्रकारिता जिवनबारे चर्चा गर्दै प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाले उनी सप्तरीका पत्रकारको लागि प्रेरणाको श्रोत भएको बताए ।

झाले नेपाल पत्रकार महासंघका संस्थापक अध्यक्ष समेत रहेका भट्टराईको निधनबाट सप्तरीको मात्रै होईन देशकै पत्रकारिता जगतका लागि अपूर्णीय क्षति भएको उल्लेख गरे ।

२०२८ साल देखि पत्रकारितामा प्रवेश गरेका भट्टराई ५ दशक सम्म निरन्तर पत्रकारिता गरेको चर्चा गर्दे बरिष्ठ पत्रकार अनिल अनले पत्रकार महासंघ संगै सप्तरीमा पत्रकार र पत्रकारिताको विकासका लागि उनले गरेको योगदानलाई बिर्सन नहुने तर्क गरे। "शिवहरी आफ्नो जिवनकालमा सधैं सफल भएका व्यक्ति हुन् । उनमा सबै संग मिल्ने खास किसिमको कला थियो त्यसैले चाहेको लक्ष्य उनले प्राप्त गरे" अनलले भने ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ सप्तरीका पुर्व अध्यक्षहरु विष्णुकुमार मंडल, मुरली प्रसाद यादव, जितेन्द्र खड्का र सर्लाही शाखका अध्यक्ष टंकबहादुर क्षेत्रीले उनको विशेषता र योगदानबारे चर्चा गर्दे श्रद्धान्जली अर्पण गरे ।

नेपाल पत्रकार महासंघ शाखा सप्तरीका अध्यक्ष श्रवणकुमार देवको अध्यक्षतामा आयोजित श्रद्धान्जली सभामा आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, पत्रकार एवं लेखक रामरिझन यादव, मिडिया काउन्सिल मधेश प्रदेशका सदस्य गायत्री मिश्रा, वन्दना झा लगायतकाले पत्रकारिताको विकासमा भट्टराईले गरेको योगदान सदैब स्मरणीय रहने बताउँदै उनलाई श्रद्धान्जली दिए ।

स्व. भट्टराईको ५ दशक लामो पत्रकारिता इतिहासमा उनी काठमाडौ बाट प्रकाशित हुने 'तर्क साप्ताहिक' मा २०२८ सालबाट पत्रकारिता शुरु गरेका थिए ।

यसरी भयो निधन ७ मंसिर शनिवार नेपाल पत्रकार महासंघ सर्लाही शाखाको साधारणसभामा सहभागी हुन जनकपुरधाम देखि १६ मंसिर शुक्रवार साँझ लालबन्दीको पत्थरकोट स्थित होलीडे रिसोटमा मिडिया काउन्सिल मधेश प्रदेशका अध्यक्ष शिवहरी भट्टराई संगै सर्लाही शाखा अध्यक्ष टङ्क क्षेत्री र आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादव सहितका टोली पुगे । उनीहरु राति संगै खाना खाएर कोठा तिर लागे । शनिवार विहान ८.३० बजे तिर उनी बाहिर नभेटिएपछि उनको खोजी भयो र भट्टराई सुतेकै कोठामा वेडमै मृत भेटिएका थिए ।

# बहुदरमाईमा पूर्व तयारी कार्ययोजना



मधेशदृष्टि
वीरगंज, मंसिर २९।

पर्साको बहुदरमाई नगरपालिकाको आयोजनामा ३ दिने पूर्व तयारी कार्ययोजना कार्यशाला गोष्ठी आज सम्पन्न भएको छ । बहुदरमाई नगरपालिकाकी उप-मेयर सुष्मा कुमारी कुशवाहाको अध्यक्षतामा सम्पन्न कार्यशाला गोष्ठीको समापन नगरपालिकाका नगर प्रमुख सिगांसन साह तेलीले गरेका हुन् ।

गोष्ठीमा बहुदरमाई नगरपालिका,पर्सागढीनगरपालिका र बिन्दबासिनी गाउँ पालिका अन्तर्गतका सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधीहरुको उपस्थिति रहेको थियो । युनिसेफको आर्थिक सहयोग तथा एनसेट को प्राबिधिक सहयोगमा बिपद् व्यवस्थापन पूर्व तयारी कार्ययोजना सम्बन्धी कार्यशाला गोष्ठीमा कमल बिश्वकर्मा, गणेश सुबेदी, गणेश बिश्वकर्मा लगायतले प्रशिक्षण दिएका थिए ।

# सिर्सिया बन्दरगाहबाट डस्टी कार्गोको आयात हुदैं

मधेशदृष्टि
वीरगंज, मंसिर २९।

झण्डै ४ करोडको लगानीमा पूर्वाधार निर्माण भएसँगै वीरगन्जस्थित सिर्सिया सुक्खा बन्दरगाहमा भारत तथा तेस्रो मुलुकबाट 'डस्टी कार्गो' (कोइला, क्लिंकर, खरानीजस्ता वस्तु) ल्याउने तयारी पूरा भएको छ ।

बन्दरगाह सञ्चालक कम्पनी प्रिस्टिन भ्यालीका प्रशासन प्रमुख अतुल शर्माले पूर्वाधार निर्माण सँगै अब सिर्सिया सुख्खाबन्दरगाह हुँदै डस्टी कार्गो आयात गर्न सकिने बताउनु भयो । शर्माका अनुसार तयारीस्वरूप बिसिएन गोदामनजिकको ४ नम्बर लिकलाई उखेलेर बन्दरगाहको पश्चिमतर्फ जडान गरिएको छ ।

बन्दरगाह निर्माण गर्दाकै समयमा अनुपयुक्त ढंगले उक्त रेल्वे लिक जडान गरिएको थियो । जसको कारण लिक प्रयोगविहीन हुनुका साथै उपयोगमा रहेका अन्य लिकका लागि पनि प्राविधिक रूपले जटिल थियो ।

# जनकपुरधाम २३ वडा कार्यालयमा तालाबन्दी

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २९ ।

ज न क प ु र ध ा म उपमहानगरपालिका २३ वाडा कार्यालयमा स्थानीयले तालाबन्दी गरेका छन । विन्धी स्थित सो वडा कार्यालयमा वडाध्यक्ष राघवेन्द्र साह एक महिनादेखि कार्यालय नआउंदा कार्यमा काम गराउन समस्या भन्दै स्थानीयवासीले तालाबन्दी गरेका हुन ।

बिना कुनै सूचनाको वडाध्यक्ष साह कार्यालय नै आउन छाडेपछि सर्वसाधारण जनताको अत्यावश्यक काम र सिफारिसहरु रोकिएको तथा विद्यार्थीलाई एकदमै मारमा परेपछि बाध्य भई तालाबन्दी गर्नुपरेको एक स्थानीयले बताए ।

उनले भने आफू एक महिनादेखि सिफारिशका कार्यालय धाई रहेका छौं, कार्यालय सचिव लगायतका कर्मचारीहरु वडाध्यक्ष आज आउंछ, भोली आउँछ भनी म लगायतका कयौं वडावासीलाई आशमा कार्यालयमा दौडाई रहेकाले तालाबन्दी गरियो । तालाबन्दी गरिएको केही समयमै वडाध्यक्षले सम्झाए बुझाएपछि ताला खोलिएको थियो । यता वडाध्यक्ष राघेन्द्र साहले भने आफू केही दिनदेखि कार्यालय बाहिर रहेको स्वीकार गर्दै भने आफ्नो बुवा बिरामी रहेका कारण उनको उपचार देश बाहिर भइरहेकाले उनको उपचारमा बाहिर थिए । तर आफू बाहिर रहेपनि जनताको काम नरुकोस भन्ने उद्देश्यले एक वडा सदस्यलाई सिफारिस सहितका अधिकार दिएर गएका थियौं ।

कुनैपनि वडावासीको काम आफ्नो अनुपस्थितिले रोकिएको छैन । वडालाई प्रभावित गर्ने कसैको उक्साहटमा केही व्यक्ति तालाबन्दी गरेका थिए । तर उनीहरुलाई सम्झाई बुझाई गरेपछि तालाबन्द ी

हार्दिक श्रद्धाञ्जली



जन्म मितिः
२०१०/०५/१० गते
मृत्यु मितिः
२०७९/०८/१७ गते

शिवहरि भट्टराई

मिडिया काउन्सिल मधेश प्रदेशका अध्यक्ष एवं नेपाल पत्रकार महासंघ सप्तरीका संस्थापक अध्यक्ष शिवहरि भट्टराई को १३औं पुण्य तिथीको अवसरमा हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दै शोकाकुल परिवार प्रति हार्दिक सम्वेदना प्रकट गर्दछौं ।

मधेशदृष्टि परिवार

बृहत निःशुल्क स्वास्थ्य शिविर

(विशेषज्ञ डाक्टरहरुद्वारा निःशुल्क उपचार)

डा. दिग्बिजय कु. ठाकुर
एम.बि.बि.एस. (नेपालगञ्ज मेडिकल कलेज, के.यु.)
एम.डि. (वीर हस्पिटल, काठमाण्डौ)
कन्सलटान्ट फिजिसियन
जनकपुर प्रादेशिक अस्पताल
N.M.C.No.:10943

डा. अभय मण्डल
एम.बि.बि.एस.
एम.डि. (के.यु.) नेपाल
बाल रोग विशेषज्ञ
जनकपुर प्रादेशिक अस्पताल
N.M.C.No.:6200

डा. अनिल कुमार शाह
एम.बि.बि.एस. (के.यु.) नेपाल
एम.डि. (टि.यु.) नेपाल
नवजात शिशु तथा बालरोग विशेषज्ञ
N.M.C.No.:11493

डा. स्वाति ज्यसवाल
एम.बि.बि.एस., एम.डी. (पिजीआई, चंढीगढ)
Fellowship in infertility, New Delhi
स्त्री, प्रसुती तथा नि:सन्तान रोग विशेषज्ञ
N.M.C.No.:14019

डा. बीरेन्द्र भगत
MBBBS (BPKIHS, Dharan)
MD (PGI, Chandigarh)
Fellowship gynecologist (NAMS, Bir Hospital)
स्त्री, प्रसुती तथा क्यान्सर रोग विशेषज्ञ
N.M.C.No.:16286

डा. राजेश कुमार साह
एम.बि.बि.एस. (के.यु.)
एम.एस. (टि.यु.) नेपाल
जेनरल सर्जन
जनकपुर प्रादेशिक अस्पताल
मेडिकल अधिकृत
N.M.C.No.:11070

डा. पंकज प्रताप देव
MBBS, MD
(Gold Medalist)
Gynaecologist Associate Professor
N.M.C.No.:6218

डा. सज्जन कुमार शर्मा
एम.बि.बि.एस. (के.एम.सी., काठमाण्डौ)
एम.डी. (नोबेल हस्पिटल, बिराटनगर
स्त्री तथा प्रसुति रोग विशेषज्ञ
N.M.C.No.:13652

डा.कुण्दन मिश्र
बि.डि.एस. (पटना, भारत)
डेण्टल सर्जन
जनकपुर प्रादेशिक अस्पताल
N.M.C.No.:4467

मि.दिनेश साह
आँखा सम्बन्धी
O.A.B. Optm
NHPC No.:A-476 OPT

शिविरका प्रमुख विशेषताहरु:-
१. वरिष्ठ चिकित्सक डा. दिग्बिजय कुमार ठाकुर द्वारा दम, सुगर (डाइविटिज), (प्रेसर, थाइरोइड) तथा छाती सम्बन्धी सम्पूर्ण समस्या, हृदय, मष्तिश्क (Brain), पेट सम्बन्धी सम्पूर्ण समस्या, जोर (गेठिया, बाथ) र नशा सम्बन्धी सम्पूर्ण उपचार ।
२. डा. राजेश साह द्वारा विभिन्न किसिमको शल्यक्रिया सेवा ।
३. डा. अभय मण्डल, डा. अनिल कुमार साह, द्वारा बालरोग उपचार सेवा ।
४. डा. स्वाति ज्यसवाल, डा. बीरेन्द्र भगत, डा.सज्जन कुमार शर्मा द्वारा प्रसुतीरोग सम्बन्धी सम्पूर्ण जाँच ।
५. डा. कुन्दन मिश्रा द्वारा दाँत तथा मुख रोग सम्बन्धी सम्पूर्ण उपचार सेवा ।
६. हार्ड तथा जोर्नी रोग सम्बन्धी सम्पूर्ण जाँचहरु । ७. आँखा सम्बन्धी सम्पूर्ण उपचार सेवा ।
८. ECG (मुटु रोगीको लागि), PFT (छाती रोगी, दम रोगीहरुको लागि), सुगर, पिसाब र बल्ड सम्बन्धी अन्य जाँचहरु । ९. नि:शुल्क प्रयाप्त औषधी पनि वितरण गरिनेछ ।

मितिः २०७५ पुस १ र २ गते शुक्रवार र शनिवार
स्थानः कमला नगरपालिका वडा नं. १, टोल मंगराहा श्री जनता माध्यमिक विद्यालय मंगराहा ईश्वरवाडा

आयोजक
-मेदनता रिसर्च क्लिनिक प्रा.लि.
जनकपुरधाम, अस्पताल रोड
Mob.:9817810790 (Roshan)
सहयोगीः- -साना किसान सहकारी संस्था लि.
कमला युवा सञ्जाल



डा. दिग्बिजय कु. ठाकुर

सम्पर्क व्यक्ति
अशोक कुमार मण्डल Mob.:9866324295/9812053192
राम जिबन मण्डल Mob.:9864043939
सुरेन्द्र यादव Mob.:9800842888

मिडिया पार्टनर :- मधेशदृष्टि राष्ट्रि दैनिक पत्रिका
जनकनन्दनी एफ.एम. ९५.५ मेगाहर्ज

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल